दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं
- अत्यधिक घाममा लामो समयसम्म नबसौं,
-चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं,
-जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं,
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौ ।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३८ | अंक १७३ | बुटवल | २०८३ असार १२ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday Jun 27, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रास्वपाको महाधिवेशनमा असन्तुष्टी र भद्रगोल :

# ३१ प्रतिशत बढी प्रतिनिधिले हालेनन् भोट

उम्मेदवारहरुले भोटिङ मेसिनमै सेटिङ गरिएको आरोप लगाएका छन् भने महाधिवेशन लथालिंग पारेर पार्टीको अन्तर्राष्ट्रिय जगतमा बेइज्जत गरेको सहभागी नेताहरूको गुनासो थियो । कतिपयले निर्वाचन समितिमा उजुरी समेत हालेका छन् ।

**लुम्बिनी संवाददता**

*बुटवल*

पुराना दलहरूभन्दा 'फरक', 'जान्ने' र 'थिति बसाल्ने' दाबी गर्दै आएको सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को पहिलो महाधिवेशनको चुनावी प्रकृयामा देखिएको भद्रगोल, ढिलासुस्ती जस्ता गतिविधिले उक्त पार्टी पुरानाभन्दा फरक नभएको बरु छोटो समयमै पार्टीभित्र असन्तुष्टि रहेको छताछुल्ल भएको छ । भरतपुरस्थित चितवन उद्योग संघको अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको हलभित्र लोकतन्त्रिक अभ्यास चलिरहेको दाबी गरिए पनि बाहिर उम्मेदवारसँगै प्रतिनिधिहरूमा असन्तुष्टि रहेको प्रष्ट देखिएको छ । असार ७ देखि ९ गतेसम्म तीन दिनका लागि निर्धारित महाधिवेशन व्वस्थापनमा अपरिपक्वता र भद्रगोलले दुई दिन लम्बिएर छैठौं दिनसम्म पुगेको छ ।

ढिला गरी सुरु भएको निर्वाचन नै विवादित बनेको छ । थुप्रै उम्मेदवारहरूले भोटिङ मेसिनमा कायम गरिएको क्रमसंख्यामा चलखेलको आरोप लगाएका छन् । रास्वपा महाधिवेशनमा देखिएको विवादको विषयमा प्राविधिक पक्षको भनाइ सार्वजनिक भएको छैन । महाधिवेशनमा भोटिङ प्रक्रिया, उम्मेदवार सूचीकरण र क्लस्टर व्यवस्थापनबारे उठेका प्रश्नका सम्बन्धमा पार्टीको आधिकारिक धारणा पनि आउन बाँकी छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको नयाँ नेतृत्वका लागि भएको पहिलो चरणको मतदानमा १३ सय ५२ जना प्रतिनिधि मतदानमा सहभागी भएनन् । कुल ४३११ प्रतिनिधिमध्ये २९५९ जनाले भोट हालेको विद्युतीय भोटिङ सेवाप्रदायक रामलक्ष्मण इनोभेसनका रामप्रसाद रिमालले जानकारी दिए । यो ३१ दशमलव ३६ प्रतिशत हो । यति ठूलो संख्याका प्रतिनिधि मतदानमा सहभागी नहुनु गम्भीर विषय भएको स्वयं रास्वपाका प्रतिनिधि र उम्मेदवारले स्वीकारेका छन् । महाधिवेशनको व्यवस्थापन अस्तव्यस्त हुनुका साथै निर्वाचन कार्यमा ढिलाइ हुँदा थुप्रै प्रतिनिधि घर फर्किएका कारण भोट हाल्नेको संख्या घटेको रास्वपाका नेताहरुको भनाइ छ ।

९९ जना केन्द्रीय सदस्यका लागि ३८४ जना मैदानमा थिए । कतिपय नेताहरुले यस्तो भद्रगोल र फितलो व्यवस्थापनले लज्जित बनाएको बताएका छन् । केन्द्रीय सदस्यका लागि भएको निर्वाचनमा तीन सयभन्दा बढी उम्मेदवारले विभिन्न क्लस्टरबाट भाग लिएका थिए । भोटिङमा भने क्लस्टरअनुसार नभएर सोलोडोलो एउटै क्रममा सबैलाई राखिएको एक प्रतिनिधिले गुनासो गरे । ती प्रतिनिधिका अनुसार यसरी राख्दा न वर्णानुक्रम अनुसार छ, न पार्टीमा वरीयता अनुसार । सबै उम्मेदवारहरू भोटिङ मेसिनमा आफ्नो नाम अगाडि आओस् भन्ने चाहन्छन् । यसले मतदातालाई मनोवैज्ञानिक प्रभाव पार्ने उनीहरूको विश्वास छ । भोट हाल्दै जाँदा कोटा सकियो भने पछाडि नाम भएकाहरु मतदाताले चाहेर पनि छुट्न सक्छन् ।

ती प्रतिनिधिका अनुसार भोटिङ मेसिनमा सुरुवातमा चर्चित नेताहरूका नाम छन् । डा. स्वर्णिम वाग्लेको नाम पहिलो नम्बरमा छ । पार्टीको एकमात्र उप-सभापति तथा सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेनपछिको वरीयतामा रहेको हुँदा उनको नाम पहिलो नम्बरमा राखिएको हुनसक्छ । वाग्लेपछि दोस्रोमो गणेश पराजुली र तेस्रोमा मनिष झाको नाम छ । चौथोमा सोविता गौतम र पाँचौमा विपीन आचार्य छन् । उनीहरू सबै शीर्ष तहकै नेता हुन् । वरीयता यताउति भए पनि उनीहरूलाई टप ५ मा राख्दा अन्य उम्मेदवारहरूको गुनासो छैन ।

छैटौं नम्बरमा शंकर श्रेष्ठ छन् । उनी रास्वपाको संगठन विभागका



सचिव हुन् । उनले सहमहामन्त्रीमा आकांक्षा राखिरहेका छन् । पार्टीका साविक महामन्त्री कवीन्द्र बुर्लाकोटीभन्दा शंकर अगाडि कसरी आए भन्ने प्रश्न उठेको छ । त्यसपछाडि वरियता भताभुंग भएको छ । सातौंमा कवीन्द्र र आठौंमा क्रान्तिशीखा धितालको नाम छ । कमैले चिनेका गुणानन्द महतो नवौं र शिशिर खनाल दशौं नम्बरमा छ । क्रम संख्यामा पछाडि पारिएका एक उम्मेदवारले यसमा सिधै सेटिङ रहेको आरोप लगाए । 'सेटिङ होइन भने स्वर्णिम वाग्ले नै पहिलो नम्बरमा कसरी ? माथिल्लो तहका नेताहरू सुरूमा लगालग कसरी ? यदि वरीयता मिलाइएको हो भने तलसम्म किन कायम गरिएन ? पहुँच हुनेहरूले भोटिङ मेसिनबाट फाइदा लिएका छन्, पहुँच नहुनेहरू क्रम संख्यामै पछि परेका छन् ।'-उनले भने ।

सभापतिमा चुनाव लड्ने घोषणा गरेका बाराका एक नेताको महाधिवेशन प्रतिनिधिमा रहेको नाम नै हटाएर उनलाई उम्मेदवार बन्न नदिई रवि लामिछानेलाई निर्विरोध बनाइयो । यसप्रति बाराका रास्वपा नेताले आपत्ति जनाउँदै चुनाव लड्न पाउने आफ्नो लोकतान्त्रिक हकलाई तानाशाही शैलीमा दबाइएको गुनासो गरेका छन् । अहिले आफ्ना आवाज दबाइए पनि केही समयपछि यसको असर देखिने उनले बताए । महाधिवेशन प्रतिनिधिको नाम टुंगो लगाउन भएको ढिलाइ, नामावली फेरबदल, चुनावी कार्यतालिका पटक-पटक परिवर्तन, भोटिङ मेसिनमा उम्मेदवारको नाम वर्णानुक्रमअनुसार नराखिएको र उम्मेदवारी दर्ता क्रममा नमिलाइएको भन्दै प्रतिनिधि र उम्मेदवारहरू असन्तुष्टि जनाएका छन् ।

रास्वपा नेतृ ज्वाला संग्रौलाले पार्टी केन्द्रीय समिति निर्वाचनको भोटिङ मेसिनमा आफ्नो नामबाट 'ज्वाला' हटाइएकोमा आपत्ति जनाउँदै निर्वाचन आयोगमा उजुरी दिएकी छन् । यस विषयमा यथासिघ्र अनुसन्धान हुनुपर्ने उनको माग छ । महाधिवेशनमा नेतृत्व चयनका लागि गठित निर्वाचन आयोगका प्रमुखलाई सम्बोधन गर्दै उनले उजुरी दिएकी हुन् । आफ्नो नाम 'टिका संग्रौला (ज्वाला) रहेको र यही नामले महाधिवेशन प्रतिनिधि बन्नुका साथै मनोनयन दर्ता गराएको उनले बताएकी छन् ।

यस प्रक्रियाबाट आफूमाथि हुन गएको अन्याय र क्षतिको जिम्मा कसले लिने हो भन्ने पनि निर्वाचन आयोगले जवाफ दिनुपर्ने संग्रौलाको माग छ । भोटिङ मेसिनमा थुप्रै उम्मेदवारहरुको 'परिचित नाम' राखिएको भए पनि आफ्नो भने बदनियतपूर्वक हटाइएको भन्दै ज्वालाले आक्रोश व्यक्त गरेकी छन् । आफ्नो नाम नचिनेर कयौं प्रतिनिधिले भोट नहालेको उनी बताउँछिन् ।

प्रतिनिधिसभा सदस्यसमेत रहेका केन्द्रीय सदस्य पदका उम्मेदवार गणेश कार्कीले प्रारम्भिक सूचीविपरीत मतदानका लागि नामहरू राखिएको भन्दै आपत्ति जनाएका छन् । 'खुलातर्फको १३३ नम्बरमा मेरो नाम रहेछ । प्रारम्भिक सूचीमा मभन्दा तल दर्ता भएकाहरूको नाम मेरोभन्दा माथि कसरी भयो ?,' कार्कीको प्रश्न छ- 'मेरोभन्दा पहिले दर्ता गरेकाहरू मभन्दा तल कसरी पुगे ? के आधारमा भोटिङ मेसिनमा नाम, स्थान तोकियो ?' उनले सामाजिक सञ्जाल फेसबुकममार्फत् महाधिवेशनमा देखिएको भद्रगोलप्रति आफ्ना प्रश्नहरू रहेको पनि बताएका छन् ।

अर्का सांसद यज्ञमणि न्यौपानेले पनि उम्मेदवारको सूचीमा बबण्डर गरिएको भन्दै असन्तुष्टि पोखेका छन् । आफूभन्दा पछि फारम भरेका उम्मेदवारहरूको अगाडि नाम राखिएको र नाम राख्दा 'अल्फाबेटिकल अर्डर' पनि नमिलाएको उनको भनाइ छ । 'मेरो नाम खुला सूचीको ४२ नम्बरमा रहेछ । मभन्दा पछि फर्म भरेका साथीहरूको अगाडि नै नाम राखेको देखियो,' केन्द्रीय सदस्यका उम्मेदवार न्यौपानेले भनेका छन्-'अल्फाबेटिकल अर्डरसमेत मिलाएको रहेनछ ।'

सांसद आशिका तामाङले केन्द्रीय सदस्यका लागि मनोनयन दर्ता गरेको नम्बर र भोटिङ मेसिनमा राखिएको नम्बर पनि फरक परेको छ । 'मनोनयन दर्ता गर्ने बेला ३७ नम्बरमा भएको मेरो नाम भोटिङ मेसिनमा केको आधारमा १०६ नम्बरमा पुग्यो ?' -उनले फेसबुकमा लेखेकी छन् ।

इलेक्ट्रोनिक भोटिङ मेसिनमार्फत् मतदान गरेपछि सांसद तामाङले आफूले चाहेर पनि आफ्नो नेता चुन्न गाह्रो परेको बताइन् । नचिनेका/नजानेकालाई पनि मतदान गर्नै पर्ने बाध्यता रहेको उनको भनाइ छ ।

मेसिनमा भोट संकेत नगरी अर्को स्टेपमा जानै नपाइने सिस्टम रहेको बताउँदै सांसद तामाङले आफूले चाहेर पनि आफ्नो नेतालाई चुन्न नसकेको बताइन् । नचिनेका/नजानेकालाई भोट हाल्दिनँ भन्न नपाइने अवस्था रहेको उनको भनाइ थियो । 'भोटिङको सिस्टम जुन राख्नु भएको छ- महिला, समावेशी अथवा खुला-महिला भनेर जुन भनिएको छ, त्यो अनुसारको छैन त्यहाँ,' तामाङले भनिन्-'मन लागोस् कि नलागोस् ६४ जनालाई तपाईंले भोट हाल्नै पर्ने । त्यो नहाली नेक्स्टमा जानै नपाइने ।' उनले आफ्नै नाम खोज्न पाँच मिनेट जति समय लागेको पनि बताइन् ।

» बाँकी ३ पेजमा

## कानुनविपरीत बालबालिका पार्टी सदस्य

बुटवल । संविधान, कानुन र विधिको चर्को वकालत गर्दै आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आफैँले नेपालको संविधान र प्रचलित कानुनविपरीत बालबालिकालाई पार्टी सदस्य बनाएको पाइएको छ ।

चितवनमा सो पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनमा महामन्त्री कविन्द्र बुर्लाकोटीले पेस गरेको सांगठनिक प्रतिवेदनमा १८ वर्ष मुनिका ३५ हजार २५७ जना बालबालिका रास्वपाको सदस्य रहेको उल्लेख छ । जबकि नेपालको कानुनअनुसार १८ बर्ष मुनिका बालबालिकालाई राजनीतिमा लगाउन पाइँदैन ।

नेपालको संविधानअनुसार बनेको कानुनमा कुनै पनि राजनीतिक दलको सदस्य बन्न १८ वर्ष उमेर पूरा भएको हुनुपर्ने व्यवस्था छ । यस्तो व्यवस्था राजनीतिक दलसम्बन्धी ऐन २०७३ को परिच्छेद ३ मा छ । संविधान र ऐनको व्यवस्थाभन्दा माथि गएर रास्वपाले आफ्नो महाधिवेशनमा करिब ३५ हजार बालबालिकालाई पार्टी सदस्य बनाएको सगर्व घोषणा गरेको छ ।

संवैधानिक र कानुनी व्यवस्थाको धज्जी उडाउँदै रास्वपाले बालबालिकालाई पार्टी सदस्य बनाएको सार्वजनिक भएपछि सरोकारवालाहरूले चर्को आपत्ति जनाएका छन् । उनीहरूले रास्वपालाई आफ्नो निर्णय तत्काल सच्याउन चेतावनी दिँदै दिएका छन् । निर्णय नसच्याए यो मुद्दा अन्तर्राष्ट्रियकरण हुनेसमेत उनीहरूले बताएका छन् ।

अधिवक्ता इन्दु तुलाधरले कानुनको उल्लंघन गर्ने अधिकार कसैलाई नभएको बताइन् । 'रास्वपाले १८ वर्ष मुनिका बालबालिकालाई पार्टी सदस्य बनाएको हो भने यो कानुनी शासनको निर्मम र ठाडो उल्लंघन हो,' उनले भनिन्-'कानुनको पालना सबैले गर्नुपर्छ । कानुन नमान्ने छुट कसैलाई पनि छैन ।'

अधिवक्ता तुलाधरले नेपालको संविधानको धारा ३९ का आधारमा बालबालिकासम्बन्धी ऐन, २०७५ बनेको बताइन् । उनले उक्त ऐनको दफा ७ को उपदफा (७) ले राजनीतिक उद्देश्यका लागि बालबालिका प्रयोग गर्न नपाइने स्पस्ट व्यवस्था हुँदाहुँदै रास्वपाले आफूलाई त्यसभन्दा माथि ठानेको बताइन् ।

## मापसे गरेर सवारी चलाउनेलाई ५० हजार जरिवाना



बुटवल । सरकारले मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउनेलाई ५० हजार रुपैयाँसम्म जरिवाना लिने तयारी गरेको छ ।

पूर्वाधार विकास मन्त्रालयले तयार गरिरहेको सवारी तथा यातायात व्यवस्था ऐन संशोधनको मस्यौदामा मापसे गरेर सवारी चलाउनेलाई ५० हजार रुपैयाँसम्म जरिवाना गर्ने प्रस्ताव गरेको हो । यसअनुसार मापसे गरेर सवारी चलाउनेलाई सवारीको प्रकारअनुसार जरिवाना रकम फरक-फरक हुनेछ । जसमा दुई पांग्रे वा तीन पांग्रे सवारीसाधनको हकमा २५ हजार रुपैयाँ, साना सवारीसाधनको हकमा ३५ हजार रुपैयाँ र मझौला तथा ठूला सवारीसाधनको हकमा ५० हजार रुपैयाँ जरिवाना प्रस्ताव गरिएको छ ।

प्रस्तावित ऐनमा गरिएको व्यवस्थाअनुसार मापसे गरेको आधारमा मात्रै कारबाहीमा परिनेछैन । यसका लागि मापसेको न्यूनतम सीमा तोकिने भएको छ । जसअनुसार तोकिएको मात्राभन्दा बढी मापसे गरे मात्रै कारबाहीमा परिनेछ । मस्यौदामा भनिएको छ-'रगतमा मादक पदार्थ (ब्लड अल्कोहल कन्सेन्ट्रेसन)को मात्रा शून्य दशमल शून्य पाँच ग्राम प्रतिडेसिलिटर बढी भएमा वा ३० वर्षभन्दा कम उमेरका सवारी चालक वा परीक्षण कालमा रहेका सवारी चालकको हकमा शून्य दशमल शून्य दुई ग्राम प्रतिडेसिलिटर बढी भएमा मात्र मापसे गरेको मानिनेछ ।'

हालको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा मापसे गरेर सवारीसाधन चलाएमा नै कारबाही गर्ने व्यवस्था छ । मौजुदा कानुनमा मदिरा सेवनको मात्रा तोकिएको छैन । यसअनुसार पहिलो पटक मापसे गर्नेलाई ५०० रुपैयाँ, दोस्रो पटक गर्नेलाई एक हजार रुपैयाँ र तेस्रो पटक वा सोभन्दा बढी पटक गर्नेलाई एक हजार ५०० रुपैयाँको जरिवाना गर्न सक्ने व्यवस्था छ ।

## सुकुम्वासीलाई होल्डिङ सेन्टरबाट हटाउने निर्णय फिर्ता लिन माग



बुटवल । सरकारले घरबारविहीन बनाएर होल्डिङ सेन्टरमा राखिएका परिवारहरूलाई ५ दिनभित्र त्यहाँबाट निस्कन दिएको आदेशप्रति जवाफदेहिता निगरानी समितिले आपत्ति जनाएको छ । समितिले यो निर्णय तुरुन्त फिर्ता लिन र उनीहरूलाई बस्ने स्थायी व्यवस्था मिलाउन सरकारसँग माग गरेको छ ।

केही समयअघि सरकारले डोजर चलाएर हजारौं परिवारलाई उनीहरू बसिरहेको ठाउँबाट जबरजस्ती हटाएको थियो । बस्ने अर्को ठाउँ र कमाइ खाने बाटो नजुटाई उनीहरूलाई हटाइएकाले ती परिवारहरू अहिले निकै समस्या र मानसिक तनावमा छन् । यस्तो बेला सरकारले दिएको अस्थायी आश्रय (होल्डिङ सेन्टर) बाट पनि लखेट्न खोज्नु अमानवीय र गैरजिम्मेवार काम भएको समितिको ठहर छ ।

सरकारले पछिल्लो निर्णयमार्फत् ती परिवारलाई हट्नका लागि एकमुष्ट २५ हजार रुपैयाँ दिने भनेको छ । तर, महँगो घरभाडा र बेरोजगारीका कारण ५ दिनभित्रै नया कोठा भेटाएर सर्नु असम्भव रहेको समितिले जनाएको छ । यो निर्णयले सबैभन्दा धेरै मार बालबालिका, वृद्धवृद्धा, महिला र अपाङ्गता भएका व्यक्तिहरूलाई पर्ने विज्ञप्तिमा उल्लेख छ । समितिका संयोजक राजुप्रसाद चापागाईंसहित २७ जना अधिकारकर्मीहरूले संयुक्त रूपमा विज्ञपति निकाल्दै सरकारसँग मुख्य तीनवटा माग राखेका छन् । '५ दिनभित्र होल्डिङ सेन्टर छाड्नुपर्ने निर्णय तत्काल फिर्ता गरियोस् । जबसम्म स्थायी रूपमा बस्ने ठाउँ (पुनर्स्थापना) को ग्यारेन्टी हुँदैन, तबसम्म उनीहरूलाई त्यहाँबाट नहटाइयोस्,' समितिको माग छ-'त्यहाँ बसुन्जेल बालबालिकाको पढाइ र बिरामीको उपचारको व्यवस्था मिलाइयोस् ।'

साथै, यो संवेदनशील विषयमा तत्काल छानबिन गरी सरकारलाई जिम्मेवार बनाउन समितिले राष्ट्रिय मानवअधिकार आयोग र संसदीय समितिलाई समेत आग्रह गरेको छ । सरकारले स्थायी व्यवस्थान नगरी होल्डिङ सेन्टरबाट हटाएमा पुरानै स्थानमा गएर बस्ने काठमाडौंका सुकुम्वासीले चेतावनी दिएका छन् ।

काठमाडौंको कीर्तिपुरस्थित राधास्वामी सत्संगमा बसिरहेका भूमिहिन, सुकुम्वासी तथा अव्यवस्थित बसोबासीले बिहीबार संयुक्त प्रेस विज्ञप्ति जारी गरी पुरानै ठाउँमा बसोबास गर्ने चेतावनी दिएका हुन् ।

» बाँकी ३ पेजमा




दैनिक लुम्बिनी

## सम्पादकीय

# नेपालमा इन्धनको मूल्य कहिले घट्छ ?

पश्चिम एसियामा अमेरिका-इरान तनाव चर्किएपछि अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य अस्वाभाविक रूपमा बढेको थियो। युद्धको जोखिम, विशेषगरी विश्व ऊर्जा आपूर्तिको महत्वपूर्ण मार्ग स्ट्रेट अफ हर्मुज बन्द हुने आशंकाले तेल बजारमा त्रास सिर्जना गरेको थियो। त्यसको प्रत्यक्ष असर नेपालजस्ता आयातमा निर्भर मुलुकले पनि भोग्नुपर्‍यो। पेट्रोल, डिजेल र खाना पकाउने ग्यासको मूल्य बढाइयो, सरकारी खर्च कटौतीका नाममा अतिरिक्त सार्वजनिक बिदासमेत दिइयो र नागरिकमाथि महँगीको थप भार थोपरियो । तर अहिले अमेरिका र इरानबिच युद्धविरामको समझदारी बनेको छ, स्ट्रेट अफ हर्मुज पुनः सञ्चालनमा आएको छ र अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य युद्ध सुरु हुनुअघिकै तहमा झरेको छ। यतिसम्म कि ब्रेन्ट क्रुडको मूल्य युद्धपूर्वको स्तरभन्दा तल पुगेको छ। विश्व बजारमा तेलको आपूर्ति सहज बन्दै गएको छ र मूल्य घट्ने क्रम जारी छ। यस्तो अवस्थामा नेपाली उपभोक्ताको स्वाभाविक प्रश्न छ–अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा नेपालमा किन राहत आउँदैन ?

नेपाल आयल निगमको तर्क छ, नेपालले कच्चा तेल होइन, भारतबाट प्रशोधित पेट्रोलियम पदार्थ खरिद गर्छ। त्यसैले अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घटेको प्रभाव तत्काल नदेखिने दाबी निगमको छ। प्राविधिक रूपमा यो तर्क केही हदसम्म सही हुन सक्छ। कच्चा तेल र प्रशोधित इन्धनको मूल्यबिच समयगत अन्तर र प्रशोधन लागत जोडिने भएकाले मूल्य समायोजनमा केही ढिलाइ स्वाभाविक हो। तर यही तर्कलाई निरन्तर ढाल बनाएर उपभोक्तालाई महँगो इन्धन किनाउन बाध्य पार्नु उचित होइन।

वास्तविकता के हो भने अन्तर्राष्ट्रिय बजारमा मूल्य बढ्दा त्यसको असर नेपालमा छिटो देखिन्छ, तर घट्दा राहत आउन भने निकै ढिला हुन्छ। यही कारण उपभोक्तामा शंका र असन्तोष बढेको छ। मूल्य वृद्धि हुँदा तत्काल निर्णय गर्ने निकाय मूल्य घटाउन भने किन यति अनिच्छुक देखिन्छन् भन्ने प्रश्न उठ्नु स्वाभाविक हो। नेपाल आयल निगम र सरकार दुवैले यसबारे पारदर्शी जवाफ दिन आवश्यक छ। अझ गम्भीर विषय त मूल्य निर्धारण प्रक्रियाको पारदर्शिता हो। भारतको इन्डियन आयल कर्पोरेसन (आईओसी) ले पठाएको मूल्यसूचीका आधारमा नेपालमा मूल्य निर्धारण हुने व्यवस्था छ। तर प्राप्त मूल्य, कर संरचना, ढुवानी खर्च, निगमको नाफा-नोक्सान र मूल्य स्थिरीकरण कोषको अवस्थाबारे आम नागरिकलाई पर्याप्त जानकारी दिइँदैन। मूल्य बढाउँदा जति सक्रियता देखाइन्छ, मूल्य घटाउनुपर्ने बेला त्यति नै अस्पष्टता देखिनु राम्रो संकेत होइन।

यो बहस केवल पेट्रोलियम पदार्थको मूल्यसम्म सीमित छैन। इन्धनको मूल्यले यातायात, कृषि, उद्योग, निर्माण, पर्यटन र दैनिक उपभोग्य वस्तुको लागत निर्धारण गर्छ। त्यसैले इन्धन महँगो हुँदा सम्पूर्ण अर्थतन्त्रमा महँगीको चाप बढ्छ। अहिले अन्तर्राष्ट्रिय बजारमा मूल्य घटिरहेको अवस्थामा त्यसको लाभ उपभोक्तासम्म पुग्न सकेन भने बजारमा कृत्रिम महँगी कायम रहनेछ र अर्थतन्त्र पुनः चलायमान बनाउने प्रयास कमजोर हुनेछ। सरकारले युद्धको जोखिम देखाएर नागरिकलाई थप भार बोक्न बाध्य पारेको थियो भने अब जोखिम हटिसकेपछि राहत दिन पनि उत्तिकै तत्परता देखाउनुपर्छ। आयल निगमले आगामी मूल्यसूचीमा मूल्य घट्ने अपेक्षा गरेको जनाएको छ। तर केवल अपेक्षा पर्याप्त हुँदैन। उपभोक्ताले मूल्य घटेको वास्तविक अनुभूति गर्नुपर्छ।

अन्तर्राष्ट्रिय बजारमा तेल सस्तो हुँदा त्यसको लाभ निगमको आम्दानी बढाउन वा सरकारी राजस्व जोगाउन मात्र प्रयोग हुनु हुँदैन। त्यसको प्रत्यक्ष लाभ आम नागरिकसम्म पुग्नुपर्छ। मूल्य वृद्धिको बोझ जनताले व्यहोरेका छन् भने मूल्य घट्दाको राहत पनि उनीहरूले नै पाउनुपर्छ। यही नै उत्तरदायी शासनको आधारभूत सिद्धान्त हो।

# आन्दोलनको लागि वृहत् संयुक्त मोर्चा



विनबहादुर कुँवर

दक्षिणपन्थी सुधारवादी र क्रान्तिकारीबिचको ध्रुवीकरण। तर पनि तत्काल देशको राष्ट्रियता र स्वाभिमान अनि लोकतान्त्रिक गणतन्त्र र जनताको जनजीविका अर्थात् राष्ट्रघात र जनघातका सवालमा भने माथि भने जस्तै एउटा वृहत् वाम मोर्चा जरुरी छ। फुट होइन एकता तर एकता क्रान्तिकारी विचार, सिद्धान्त र कार्यदिशामा आधारित हुनु पर्दछ। त्यस्तो पार्टी एकताका लागि आजैदेखि भेटघाट, छलफल र बहस गरी अघि बढौं।

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २००६ सालमा भएको हो । क. पुष्पलालको नेतृत्वमा केवल पाँच सदस्यीय त्यो पार्टीको सदस्य, समर्थक र मतदाता संख्या अहिले लाखौं छ। अहिले पनि एक प्रकारको बहुमत संख्या नेकपाकै बढी छ। कुनै समयमा त झण्डै दुई तिहाई बहुमत नेकपाको नाममा रही सरकार नै बनेको थियो । तर नेताहरुको पद, प्रतिष्ठा र कुर्सीको लुछाचुंडीको कारण त्यो धेरै वर्ष टिकेन। मात्र दुई वर्षमा नै त्यो सरकार अर्थात तत्कालीन प्रम केपी ओली नेतृत्वको सरकार बिचमै तुहिन पुग्यो। त्यो फुटको कारण बाह्य अरु कोही नभएर आफ्नै नेताहरु खासगरी ओली-प्रचण्ड र माधव नेपालहरुको आ-आफ्नै व्यक्तिगत पद, प्रतिष्ठा र कुसीमोह नै थियो । जसको परिणामपछि जेनजी विद्रोहले यी सबैलाई तितरवितर पार्दै अहिले अस्तित्वकै संकटमा पारेको छ । यस्तो संकट यी कम्युनिष्टहरुप्रति मात्रै होइन, स्वयं देशको पुरानो २००७ सालदेखि सत्तासीन बन्दै आएको नेपाली कांग्रेसमा पनि देखिएको छ।

यस्तो संकटको मूलकारण जेनजी आन्दोलन र यसका देशी तथा विदेशी दलाल र शक्ति केन्द्रहरु नभएर स्वयं यिनै दल नेता र यिनीहरुको जनघाती र राष्ट्रघाती सोंच व्यवहार र कार्यशैली नै भएको छ। जस्तो भनिन्छ सौताको रिसले पोईको काखमा पिसाब ठीक यो कांग्रेसभित्र देउवा-आरजुको रिसले गगन- विश्वप्रकाश गुटको व्यवहारले भने यता कम्युनिष्ट पार्टीमा एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री ओलीको रिसले प्रचण्ड-माधवहरुको पनि त्यस्तै व्यवहार देखियो । एक प्रकारले यी दुवैले जेनजीको समर्थनमा रवि-बालेन र घण्टी पार्टीलाई प्रत्यक्ष सघाउने काम गरे । अन्ततः चुनावी नतिजाले यी सबैको स्थिति एउटै घर न घाटको न मरि जाने न गरिखाने अस्तित्वको संकट।

यो हुनका पछाडिको मुख्य कारण र मुख्य दोषीमाथि भने त्यस्तै अरु कोही नभएर यिनै दल र दल नेताहरु नै हुन् । ठोसमा कम्युनिष्ट पार्टीका ओली प्रचण्ड-माधव भने कांग्रेसको गगन-विश्वप्रकाश र देउवा, पूर्णबहादुर खड्का आदिहरु नै मुख्य दोषी छन्। किनकि पहिलो कुरा त यी कसैले पनि यो कथित जेनजी विद्रोहलाई खास अर्थमा बुझ्नै सकेनन्। सबैले यसलाई सुरुमा केटाकेटी आएर गुलेली खेलाए भन्ने अर्थमा बुझे र त्यस्तै व्यवहार पनि गरे । त्यो विद्रोह पछि पनि यिनीहरुले त्यसलाई केवल तत्कालीन जनअसन्तोषको परिणाम मात्रै ठाने । बरु आफू आफूमा एकले अर्कालाई अर्थात् प्रचण्ड-माधवहरुले ओलीलाई भने कांग्रेसी गगन-विश्वप्रकाशले देउवा-आरजुलाई दोषारोपण लगाउँदै उल्टै जेनजीहरुलाई नै बढवा दिने काम गरे । एक प्रकारले जेनजी र जेनजी सरकारको समर्थन र दलाली अनि ओली-देउवाको सत्तोसराप यतिसम्मकि देउवा- अराजुमाथि त्यतिबेला जेनजीको नाममा सेना-प्रहरीकै सामु जुन अमानवीय कुटपिट र हमलामा यी कोही पनि चुइक्क समेत बोलेनन् उल्टै भित्रभित्रै आफू आफूमा बल्ल खाईस् किन रुन्छस मंगले आफ्नै ढंगले भन्दै हिंडेको पनि सुन्न पाइयो।

फेरि त्यस्तै स्थिति यता कम्युनिष्टमा ओलीप्रति प्रचण्ड-देउवाको पनि छ। यी दुई अर्थात् ओली-देउवालाई नङ्गाए वा गलत्याएर फ्याँके सब ठीकठाक हुन्छ । तब जेनजीको ठूलो हुल र जन समर्थन फेरि कांग्रेस नेकपामा फर्किन्छ भन्ने ठूलो भ्रम यिनीहरुमा रह्यो। तर पछिको चुनावी परिणाम र हालको सरकारी गतिविधिले त्यसलाई उल्टाइदियो । हुन पनि राँगो खाने बाघले पाडा पाडी खान किन छोडथ्यो र एक दिन पाडा-पाडी सबैलाई खाई नै छाड्छ। पूर्व प्रधानमन्त्री ओली र गृहमन्त्री रमेश लेखक अनि पूर्व मन्त्री दीपक खड्कालाई गिरफ्तार गरी मुद्दा चलाउने यो सरकारले अब अरुलाई पनि के छोड्यो र ?

अन्ततः अब एक एक गरी प्रचण्ड-माधव, विष्णु पौडेल, जनार्दन, महेश बस्नेत हुँदै अब क्रमशः गगन थापा समेतलाई नछोड्नेमा यो सरकार र घण्टी पार्टीका नेताहरु सक्रिय देखिँदैछन् । स्वयं पार्टीले नै निमन्त्रणा गरी महाधिवेशनमा उपस्थित विशेष अतिथि गगन थापालाई त्यही हल भित्रै एक जना घण्टी सभासद खगेन्द्र सुनारले मिडियाबाजी गर्दै बाख्रे, भ्रष्टाचारी र आतंककारी अपराधी भनेर निन्दा र घृणा गरेको सुनियो। त्यस्तै विरोध एमालेका प्रदीप ज्ञवालीमाथि पनि भयो । सारमा भन्दा यिनीहरुले जो कोहीलाई पनि सकेसम्म त्यत्तिकै छोड्नेवाला छैनन्। एकएक गरी कारबाही गरेर नै छोड्ने छ । साम्राज्यवादी निरंकुशता र फाँसिवादको नमूना विश्वव्यापी रुपमा चारैतिर, जस्तो भेनेजुएलाका राष्ट्रपतिको अपहरण हालै मात्र इरानमा पूर्व धार्मिक गुरु खोमिनीमाथिको आक्रमण र हत्या अनि इरान माथिको साम्राज्यवादी आक्रमण र हस्तक्षेप आदि प्रकरणले छलाङ्ग पारेको छ। अझ यस्ता साम्राज्यवादी गुरु र मालिकबाट आशीर्वाद पाउनका लागि यिनीहरु अरु जे गर्न पनि पछि पर्ने छैनन्। त्यसकारण पनि यहाँ जो कोही देशभक्त राष्ट्रवादी लोकतन्त्र र समाजवादी कसैलाई पनि छोड्नेवाला छैनन्, यिनीहरुले । त्यसैले यहाँ बुढी मरी भनेर होइन, काल पल्क्यो भनेर चिन्ता गर्नुपर्ने बेला आइसकेको छ।

बहुदलीय लोकतन्त्रमा सभा गर्ने, नारा, जुलुस गर्ने, चित्त नबुझे शान्तिपूर्व हड्ताल, बन्द गर्ने जनताको संवैधानिक अधिकार हो । त्यस्तै पार्टी, संगठन गठन गर्ने त्यसअन्तर्गत पेशागत ट्रेड युनियन, जनवर्गीय संगठन, संघसंस्था गठन गर्ने पनि जनताको नैसर्गिक अधिकार हो। तर यो सरकार बनेको लगत्तै केही त्यस्ता संगठनहरुमाथि प्रतिबन्ध लगाई खारेज गर्ने घोषणा भइसकेको छ । भोका, नाङ्गा, गरिब र घर बासविहीन जनताका लागि गाँस, बास कपास र स्वास्थ्य, शिक्षा र रोजगारीको ग्यारेन्टी गर्नुको बदला उल्टै लाखौं सुकुम्वासीमाथि डोजर चलाई उठिबास लगाई घर न घाटको बनाउने काम भएको छ। सञ्चार मिडिया र पत्रकारमाथि त्यस्तै व्यवहार भइरहेको छ। सदनमा प्रतिपक्ष दलको कुनै भूमिका नै गर्न दिएको छैन। त्यहाँ सभासदहरु बिच कुनै राय सल्लाह, वादविवाद केही नगरी खाली बहुमतको नाममा एकलौटी निर्णय गराई विधेयक पास गराई पठाउने मात्रै काम भइरहेको छ। यसको थालनी नै निरंकुश र फासीवादी अधिनायकवाद नै भइसकेको छ। यस्तो बेलामा देशका अरु प्रतिपक्षी दलहरु खाली आफ्ना केही तल्ला जनवर्गीय संगठनहरुलाई विरोध गर्न मात्र लगाई टुलुटुलु हेरी बस्ने कि अब केही गर्ने ? सोंच्नुपर्ने भएको छ।

संसदीय राजनीतिमा सय दिनलाई हनिमुन पिरियड भन्ने गरिएको छ । तर यही पिरियडमा दिनहुँ राष्ट्रघात र जनघात भइरहँदा अर्थात् सुहागरातमा खाली देश र जनताप्रति नै बलात्कार गरिरहँदा पनि त्यो टुलुटुलु हेरी केही नगरी बस्नु भनेको खाली त्यसको साक्षी बसी त्यसको समर्थन गरेकै अर्थ लाग्दछ । त्यसैले देशको राष्ट्रियता, एकता र स्वाभिमान अनि लोकतान्त्रिक गणतन्त्रका लागि वृहत् राष्ट्रिय एकताका लागि देशका सम्पूर्ण देशभक्त, वामपन्थी र लोकतान्त्रिक गणतन्त्रवादीहरुबीच वृहत् बहस गरी आन्दोलनमा जुटौं । यसमा लोकतन्त्रवादीहरु 'लोकतान्त्रिक मोर्चा, वामपन्थी-समाजवादीहरु 'वाममोर्चा' बनाएर र अरु स्वतन्त्र नागरिकहरु आआफ्ना स्वतन्त्र मञ्च बनाएर आन्दोलनमा जुटौं। तर अहिले यी तिनै मोर्चाहरुमा एकता छैन । कांग्रेस विभाजनको डिलमा पुगेको छ। त्यस्तै वाम दलहरुमा पनि एकताभन्दा पछि विभाजन नै छ। यसलाई तत्काल रोकी आन्तरिक पार्टीलाई सुदृढ पारौं।

हालै मात्र नेकपा (माओवादी) विप्लव समूहबाट त्यसका थुप्रै नेता कार्यकर्ताहरु त्यहाँबाट बाहिरिँदै छन् । भनिन्छ नेकपाका संयोजक प्रचण्डको पार्टी वाम एकीकरणको नाराले उनीहरुलाई पनि प्रभाव पारेको छ। वास्तवमा विचार र नीतिगत रुपमा विप्लव र प्रचण्डबिच त्यति धेरै फरक भएको देखिंदैन । कुनै बेला पार्टी नै एकताका लागि संयुक्त मोर्चा र पटकपटक वार्ता पनि भएकै हो। तर त्यसमा पनि नेताहरुको पद, प्रतिष्ठा र कुर्सीकै बेमेलले गर्दा रोकिएको हो। यो सर्वविदितै छ कि नेपालका सबै वाम पार्टीहरु दुई ध्रुवमा विभाजित छन् । एउटा दक्षिणपन्थी अवसरवादी र अर्को क्रान्तिकारी माओवादी ध्रुव । आज यो पहिलेको नेतृत्व एमाले ओली र नेकपा प्रचण्डले गर्दैछन् भने अर्कोको नेतृत्वविहीन छ । त्यसैले वामपन्थी भनिनेहरुमा पनि यी ध्रुवमा ध्रुवीकरण हुनुपर्दछ । दक्षिणपन्थी सुधारवादी र क्रान्तिकारीबिचको ध्रुवीकरण । तर पनि तत्काल देशको राष्ट्रियता र स्वाभिमान अनि लोकतान्त्रिक गणतन्त्र र जनताको जनजीविका अर्थात् राष्ट्रघात र जनघातका सवालमा भने माथि भने जस्तै एउटा वृहत वाम मोर्चा जरुरी छ । फुट होइन एकता तर एकता क्रान्तिकारी विचार, सिद्धान्त र कार्यदिशामा आधारित हुनु पर्दछ। त्यस्तो पार्टी एकताका लागि आजैदेखि भेटघाट, छलफल र बहस गरी अघि बढौं।

# एक गिलास कागती पानी : स्वस्थ जीवनतर्फको सरल कदम

पुष्कर चिराल जोशी

स्वस्थ जीवनशैली अपनाउनका लागि सधैं जटिल र महँगा उपायहरू नै रोज्नुपर्छ भन्ने छैन। कतिपय अवस्थामा हाम्रा साना र सरल बानीहरूले पनि स्वास्थ्यमा ठूलो र सकारात्मक परिवर्तन ल्याउन सक्छन्। यस्तै एउटा सहज, सस्तो र अत्यन्तै लोकप्रिय बानी हो–बिहान उठ्नेबित्तिकै एक गिलास मनतातो कागती पानी पिउनु।

हालैका वर्षहरूमा स्वास्थ्यप्रति सचेत मानिसहरूका बीच कागती पानी एक लोकप्रिय पेय बनेको छ। कागती र पानीको यो सामान्य मिश्रण स्वादिलो मात्र होइन, शरीरका लागि आवश्यक विभिन्न प्राकृतिक पोषक तत्त्वहरूको स्रोत पनि हो।

तपाईंले आफ्नो दिन कसरी सुरु गर्नुहुन्छ भन्ने कुराले बाँकी दिनलाई असर गर्न सक्छ। धेरै स्वास्थ्य सुझावहरू उपलब्ध भए पनि सबैभन्दा सरल र प्रभावकारी सुझावहरूमध्ये एकमा केवल एउटा कागती र केही पानी समावेश छ। बिहान सबेरै एक गिलास मनतातो कागती पानी पिउनु शरीरलाई ताजगी दिनुका साथै स्वस्थ जीवनशैलीको राम्रो सुरुवात हुन सक्छ।

कागती पानी भनेको ताजा कागतीको रस मिसाइएको पानी हो। व्यक्तिगत रुचिअनुसार यसलाई तातो वा चिसो पिउन सकिन्छ। केही मानिसहरूले स्वाद र विविधताका लागि मह, पुदिना वा केही मसला पनि थप्ने गर्छन्।

पौष्टिक रूपमा कागतीको रस भिटामिन सी, फ्लेभोनोइड्स तथा थोरै मात्रामा पोटासियम र म्याग्नेसियमले भरिपूर्ण हुन्छ। यसमा क्यालोरी पनि कम हुन्छ, जसले यसलाई स्वस्थ आहारको राम्रो हिस्सा बनाउँछ।

**कागती पानीको पौष्टिक महत्व**

कागती सानो भए पनि यसमा प्रशस्त पोषक तत्वहरू पाइन्छन्।

भिटामिन सी : छाला तथा रोग प्रतिरोधात्मक क्षमताका लागि उपयोगी।

साइट्रिक एसिड : पाचन प्रक्रिया र मिर्गौलाको स्वास्थ्यमा सहयोगी।

क्याल्सियम : हड्डी र दाँतको मजबुतीका लागि आवश्यक।

पोटासियम : रक्तचाप तथा स्नायु प्रणालीको सन्तुलनमा सहयोगी।

एन्टिअक्सिडेन्ट र फ्लेभोनोइड्स : कोषहरूलाई क्षतिबाट जोगाउन मद्दत गर्ने।

कागती पोषणका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण फल हो। यसमा विशेष गरी भिटामिन सी प्रशस्त मात्रामा पाइन्छ। पानीमा कागती मिसाएर पिउँदा शरीरले यी पोषक तत्त्वहरू सजिलै प्राप्त गर्न सक्छ र साथमा शरीरमा आवश्यक तरल पदार्थको पूर्ति पनि हुन्छ।

**कागती पानी पिउनुका १० प्रमुख स्वास्थ्य लाभ**

१. शरीरलाई पर्याप्त हाइड्रेट राख्छ

मानव शरीरको अधिकांश हिस्सा पानीले बनेको हुन्छ। शरीरका सबै अंगहरूलाई सुचारु रूपमा सञ्चालन गर्न पानी आवश्यक पर्छ। धेरैजसो मानिसहरूले दिनभर पर्याप्त पानी पिउँदैनन्। कागती मिसाउँदा पानी स्वादिलो हुने भएकाले यसले पानी पिउने बानी बढाउन मद्दत गर्छ र शरीरमा डिहाइड्रेसन (पानीको कमी) हुन दिँदैन।

२. रोग प्रतिरोधात्मक क्षमता बलियो बनाउन सहयोग गर्छ

कागतीमा पाइने भिटामिन सी शरीरको प्रतिरक्षा प्रणालीका लागि महत्त्वपूर्ण पोषक तत्त्व हो । यसले शरीरलाई विभिन्न संक्रमणविरुद्ध लड्न सहयोग गर्छ । नियमित रूपमा कागती पानी सेवन गर्दा प्रतिरक्षा प्रणालीलाई समर्थन मिल्न सक्छ।

३. पाचन प्रणालीलाई सक्रिय र सहज बनाउँछ

बिहान खाली पेटमा मनतातो कागती पानी पिउँदा पाचन प्रक्रियालाई सक्रिय बनाउन मद्दत पुग्न सक्छ । यसमा हुने साइट्रिक एसिडले पाचन रसको उत्पादनलाई सहयोग पुर्‍याउँछ । यसले कब्जियत, पेट फुल्ने र अपचजस्ता समस्यामा केही राहत दिन सक्छ।

४. छालाको स्वास्थ्यमा सुधार ल्याउन सहयोग गर्छ

स्वस्थ र चम्किलो छालाका लागि भित्रैदेखि पोषण आवश्यक हुन्छ। कागतीमा पाइने भिटामिन सीले कोलाजेन उत्पादनमा सहयोग गर्छ, जसले छालाको लचिलोपन कायम राख्न मद्दत गर्छ। साथै यसमा रहेका एन्टिअक्सिडेन्टहरूले वातावरणीय प्रदूषण तथा अन्य हानिकारक तत्वबाट हुने क्षतिको प्रभाव कम गर्न सहयोग गर्न सक्छन्।

५. मानसिक ताजगी र ऊर्जा प्रदान गर्छ

कागतीको प्राकृतिक सुगन्ध र हल्का अमिलो स्वादले बिहान ताजगीको अनुभूति गराउन सक्छ। चिया वा कफीको विकल्पका रूपमा कागती पानी सेवन गर्दा शरीरलाई हल्का र स्फूर्त महसुस हुन सक्छ।

नोट : कफी वा चियामा हुने क्याफिनमा निर्भरता कम गर्न चाहनेहरूका लागि कागती पानी उपयोगी विकल्प हुन सक्छ।

६. मुखको दुर्गन्ध कम गर्न मद्दत गर्छ

बिहान उठ्दा मुख सुख्खा हुने र दुर्गन्ध आउने समस्या धेरैमा देखिन्छ। कागती पानीले मुखभित्रको वातावरण ताजा बनाउन सहयोग गर्न सक्छ र केही ब्याक्टेरियाको वृद्धि कम गर्न मद्दत पुर्‍याउन सक्छ।

७. तौल व्यवस्थापनमा सहयोग पुर्‍याउँछ

कागती पानी आफैंमा तौल घटाउने कुनै "चमत्कारी औषधि" होइन । तर, चिनीयुक्त चिया, कफी वा सफ्ट ड्रिंक्सको सट्टा कागती पानी पिउँदा अतिरिक्त क्यालोरीको सेवन कम गर्न सकिन्छ । साथै, कागतीमा पाइने पेक्टिन फाइबरले पेट भरिएको महसुस गराउन सहयोग गर्न सक्छ।

८. मिर्गौलाको पत्थरी बन्ने जोखिम कम गर्न सहयोगी हुन सक्छ

कागतीमा साइट्रेट पाइन्छ । केही अध्ययनहरूका अनुसार साइट्रेटले पिसाबमा खनिजहरू जम्मा भएर पत्थरी बन्ने प्रक्रियालाई कम गर्न सहयोग गर्न सक्छ। यसले मूत्र प्रणालीको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्न सक्छ।

९. रक्तचाप र स्नायु प्रणालीको सन्तुलनमा सहयोग गर्छ

कागतीमा पाइने पोटासियमले रक्तचाप सन्तुलनमा राख्न तथा मुटुको सामान्य कार्यसम्पादनमा सहयोग पुर्‍याउन महत्त्वपूर्ण भूमिका खेल्छ। यसले स्नायु प्रणालीलाई पनि आवश्यक सहयोग प्रदान गर्छ।

१०. अक्सिडेटिभ तनावबाट जोगाउन मद्दत गर्छ

कागती एन्टिअक्सिडेन्टको राम्रो स्रोत हो । यसले शरीरमा फ्री रेडिकलका कारण हुने अक्सिडेटिभ तनाव कम गर्न मद्दत गर्छ। दीर्घकालीन रूपमा यसले समग्र स्वास्थ्य संरक्षणमा सकारात्मक योगदान दिन सक्छ।

**कागती पानी सेवन गर्दा अपनाउनुपर्ने सावधानीहरू**

कागती पानी स्वास्थ्यका लागि सामान्यतया सुरक्षित मानिए पनि केही कुरामा ध्यान दिन आवश्यक छ।

**दाँतको सुरक्षा**

कागती अम्लीय हुने भएकाले यसको अत्यधिक सेवनले दाँतको बाहिरी सुरक्षात्मक तह (इनामेल) मा असर पर्न सक्छ। त्यसैले कागती पानी पिएपछि सफा पानीले मुख कुल्ला गर्नु उपयुक्त हुन्छ। स्ट्र प्रयोग गरेर पिउँदा पनि दाँतमा पर्ने प्रत्यक्ष असर कम गर्न सकिन्छ।

**ग्यास्ट्रिक, एसिडिटी वा अल्सर भएका व्यक्तिहरू**

अम्लपित्त, ग्यास्ट्रिक वा पेटको अल्सर भएका व्यक्तिहरूले खाली पेटमा धेरै अमिलो पेय सेवन गर्दा असहजता बढ्न सक्छ। यस्ता व्यक्तिहरूले चिकित्सक वा पोषणविद्को सल्लाह लिनु उपयुक्त हुन्छ।

**अत्यधिक सेवन नगर्ने**

दिनमा १ देखि २ पटकसम्म कागती पानी पिउनु पर्याप्त मानिन्छ। अत्यधिक सेवन गर्दा पेट पोल्ने, एसिडिटी बढ्ने वा अन्य असुविधा हुन सक्छ।

**उपयुक्त मात्रा**

१ गिलास पानीमा आधा देखि १ वटा कागतीको रस।

दिनमा १-२ पटक सेवन गर्न सकिन्छ।

**ध्यान दिनुपर्ने कुराहरू**

धेरै कागती पानी पिउँदा पेट पोल्ने, ग्यास्ट्रिक बढ्ने वा दाँतको इनामेलमा क्षति पुग्न सक्छ।

ग्यास्ट्रिक, अल्सर वा एसिडिटीको समस्या भएकाहरूले खाली पेटमा सेवन गर्दा सावधानी अपनाउनुपर्छ।

कागती पानी पिएपछि साधारण पानीले मुख कुल्ला गर्नु दाँतका लागि लाभदायक हुन्छ।

कागती पानीले शरीरलाई हाइड्रेट राख्न मद्दत गर्छ, तर यो कुनै विशेष रोगको उपचार भने होइन।

कागती पानीका धेरै फाइदाहरू भए पनि अत्यधिक सेवनले कतिपय व्यक्तिमा एसिड रिफ्लक्स, दाँतको संवेदनशीलता वा पेटसम्बन्धी असुविधा निम्त्याउन सक्छ। यस्ता लक्षण देखिएमा स्वास्थ्यकर्मीसँग परामर्श गर्नु उपयुक्त हुन्छ।

**निष्कर्ष**

कागती पानी एक सरल, सस्तो र सजिलै उपलब्ध हुने पेय हो। यसले शरीरलाई हाइड्रेट राख्न, भिटामिन सी प्राप्त गर्न तथा स्वस्थ जीवनशैली अपनाउन सहयोग पुर्‍याउन सक्छ। यद्यपि, यसलाई कुनै रोगको उपचारको विकल्पका रूपमा लिनु हुँदैन। सन्तुलित आहार, नियमित व्यायाम र स्वस्थ बानीहरूसँगै कागती पानीको उचित सेवनले समग्र स्वास्थ्यमा सकारात्मक योगदान दिन सक्छ।

स्वास्थ्य खबरबाट

# स्याङ्जाका ११ वटै स्थानीय तहले ल्याए बजेट




**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जा जिल्लाका ११ वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि बजेट सार्वजनिक गरेका छन् । जिल्लाका ५ नगरपालिका र ६ गाउँपालिकाले स्थानीय तह सञ्चालन ऐन अनुसारै असार १० मा बजेट ल्याएका हुन् । सबै स्थानीय तहले कुल ६ अर्ब ९८ करोड ४२ लाख ८७ हजार ४७३ रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका हुन् ।

जिल्लाका नगरपालिकामध्ये सबैभन्दा बढी पुतलीबजार नगरपालिकाले ९६ करोड ७३ लाख १६ हजार चार सय रुपैयाँको बजेट सार्वजनिक गरेको छ । जसमध्ये चालुतर्फ ६६ करोड २० लाख ४७ हजार ६ सय अर्थात् करिब ६८ प्रतिशत र पुँजीगततर्फ झण्डै ३२ प्रतिशतले हुने ३० करोड ५२ लाख ६८ हजार ८ सय रुपैयाँको बजेट सार्वजनिक गरेको हो ।

वालिङ नगरपालिकाले ८९ करोड एक लाख ५९ हजार ७३६ रुपैयाँको बजेट ल्याएको छ । वालिङले चालुतर्फ ६२ करोड ४७ लाख ११ हजार ७३६ र पुँजीगततर्फ २६ करोड ५४ लाख ४८ हजार रुपैयाँ विनियोजन गरिएको बजेट ल्याएको हो । शिक्षा, स्वास्थ्य, र खेलकुद क्षेत्रलाई सबैभन्दा धेरै झण्डै ५३ प्रतिशत अर्थात् ४७ करोड ३० लाख ७ हजार विनियोजन गरेको वालिङले सडक, पुल, भवन, खानेपानी, सिँचाइ सहितका पूर्वाधारमा लागि करिब २३ प्रतिशत अर्थात २० करोड २२ लाख ७६ हजार रुपैयाँ विनियोजन गरेको छ ।

त्यस्तै गल्याङ नगरपालिकाले ८६ करोड ६३ लाख ५० हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । सार्वजनिक बजेटमध्ये चालुतर्फ ६२ करोड १५ लाख ५० हजार अर्थात् ७२ प्रतिशत र पुँजीगत शिर्षकमा २४ करोड ४८ लाख रुपैयाँ अर्थात झण्डै २८ प्रतिशतले हुन आउने बजेट मात्रै छुट्याइएको गल्याङ् नगरपालिकाले जनाएको छ ।

उता चापाकोट नगरपालिकाले ६६ करोड ४८ लाख ७४ हजार ७२ रुपैयाँको बजेट ल्याएको छ । जसमध्ये ४१ करोड १३ लाख २७ हजार ४७२ चालु र पुँजीगततर्फ २२ करोड ३५ लाख ४६ हजार ६ सय रुपैयाँ रहेको छ । त्यस्तै, भीरकोट नगरपालिकाले ५७ करोड ३० लाख ९७ हजार ८८१ रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ ।

जिल्लाका ६ गाउँपालिकामध्ये स्वास्थ्य, शिक्षा, पर्यटन र कृषिसँगै रोजगारी सृजनालाई प्राथमिकता दिँदै सबैभन्दा बढी आँधीखोला गाउँपालिकाले ६१ करोड ६२ लाख रुपैयाँको बजेट ल्याएको छ । कुल बजेटको झण्डै ७० प्रतिशत चालु शीर्षकमा ४३ करोड १२ लाख विनियोजन गरेको गाउँपालिकाले पुँजीगत खर्चमा ३० प्रतिशत अर्थात १८ करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ ।

त्यसैगरी कालीगण्डकी गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ५६ करोड ८१ लाख ८१ हजार रुपैयाँको बजेट ल्याएको छ । गाउँपालिकाले कुल बजेटको करिब ७० प्रतिशत चालु र ३० प्रतिशत पुँजीगत शीर्षकमा व्यवस्था गरेको छ । त्यस्तै बिरुवा गाउँपालिकाले ५१ करोड ६२ लाख ६८ हजार ३८४ रुपैयाँको बजेट सार्वजनिक गरेको छ । कुल बजेटमध्ये ३६ करोड ७२ लाख २१ हजार ३८४ चालु र १५ करोड ६२ लाख ४७ हजार रुपैयाँ पुँजीगतमा विनियोजन गरिएको छ ।

उता अर्जुनचौपारी गाउँपालिकाले ४७ करोड ९४ लाख २४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ । सार्वजनिक बजेटमध्ये चालुतर्फ ३२ करोड ७० लाख ९० हजार र पुँजीगतमा १५ करोड २३ लाख ३४ हजार रुपैयाँ विनियोजन गरेको गाउँपालिकाले जनाएको छ । त्यस्तै हरिनास गाउँपालिकाले ४४ करोड २४ लाख रुपैयाँ बजेट ल्याएको छ । हरिनाशको कुल बजेटमध्ये चालुमा ३० करोड ५२ लाख र पुँजीगतमा १३ करोड ७२ लाख रुपैयाँ छुट्याइएको छ ।

फेदीखोला गाउँपालिकाले ४० करोड १६ हजार चार सय रुपैयाँको बजेट ल्याएको छ । जसमध्ये चालुतर्फ ३१ करोड ५० लाख १४ हजार चार सय र पुँजीगततर्फ ८ करोड ५० लाख दुई हजार रुपैयाँ विनियोजन गरिएको छ । जिल्लाका स्थानीय तहहरूले खासगरी सडक पूर्वाधार, कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै बजेट सार्वजनिक गरेको बताएका छन् ।

---

**३१ प्रतिशत**...

रास्वपा सांसद धनञ्जय रेग्मीले महाधिवेशन लथालिंग पारेर पदाधिकारीहरूले पार्टीको अन्तर्राष्ट्रिय जगतमा बेइज्जत गरेको आरोप लगाए । 'जुन हिसाबले मैले गर्वका साथ हाम्रो पार्टी भनिरहेको थिएँ, जुन पदाधिकारी छन्,' उनले भने- 'त्यसले (तिनले) अन्तर्राष्ट्रिय जगतमा राष्ट्रिय स्वतन्त्र पार्टीको बेइज्जत गरेका छन् ।' नेतृत्वको विरुद्धमा बोल्न नहुने विषय बोलिरहेको भन्दै रेग्मीले आफू निर्वाचनमा पराजित हुने आशंका पनि उनले व्यक्त गरे । 'यत्ति भनेपछि मलाई थाहा छ, धेरैले मत दिन्नन् । म हारिनै हाल्छु,' उनले भने- 'यति बोल्नै नहुने थियो तर, बोलिहालियो ।' सांसद रेग्मीले भरतपुरमा बेथिति देखिएको भन्दै यसरी देश चलाउन नसकिने पनि नेतृत्वलाई स्मरण गराए । 'यति बेथिति गरेर हामीले देश चलाउन सक्दैनौं है साथीहरू,' उनले भने- 'मैले आजै भन्दिएको छु ।'

केन्द्रीय सदस्यमा मनोनयन दर्ता गरेका नेता उत्तमप्रसाद पौडेलले उम्मेदवारको नामावली प्रकाशन गर्दा नेपाली लिपी र अंग्रेजी अल्फाबेट नमिलाएको भन्दै आश्चर्य व्यक्त गरेका छन् । 'उमेदवार नामावली देखेर तीनछक परें म । न नेपाली लिपीमा क्रम छ, न अंग्रेजी अल्फाबेटमा मिलाएको छ,' पौडेलले फेसबुकमा लेखेका छन्- 'न त सुरुमा दर्ता गरेकाको नामअनुसार भएको छ ।'

नेता पौडेलले नामावली प्रकाशनको तरिकाबारे नेतृत्वसँग जिज्ञासा पनि राखेका छन् । 'कुन तरिका हो यो नामावली प्रकाशनको ?,' प्रश्न गर्दै उनले सोधेका छन्, 'कि जसो गरे पनि हुन्छ भन्ने हो नयाँले ?' पौडेलले उम्मेदवारको नामावली प्रकाशनको शैलीप्रति जिज्ञासा चितवनको गर्मी जस्तै बढेको पनि टिप्पणी गरेका छन् । 'जिज्ञासा बढ्यो के चितवनको गर्मी जस्तै,' उनले लेखेका छन्-'बुझिनँ मैले, बुझाइदेउ कसैले ।'

सांसद राजीव खत्रीले पार्टी महाधिवेशनमा 'नो भोटको धज्जी' उडाइएको टिप्पणी गरेका छन् । आफ्नै प्रतिद्वन्द्वीलाई पनि अनिवार्य भोट हाल्नुपर्ने स्थिति रहेको भन्दै उनी मतदान व्यवस्थापनको आलोचनामा उत्रिएका छन् । २१ फागुनको निर्वाचनमा भक्तपुर-२ बाट प्रतिनिधिसभा सांसद चुनिएका खत्रीले फेसबुकमा लेखेका छन्-'संसारमा यस्तो मतदान हुँदैन होला, जहाँ आफ्नै प्रतिद्वन्द्वीलाई अनिवार्य भोट दिनुपर्छ । नो भोटको धज्जी ।'

केन्द्रीय सदस्यका उम्मेदवारहरू महाधिवेशनस्थलमा देखिएको भद्रगोलको दृश्यप्रति सामाजिक सञ्जालमार्फत खिसिट्युरीसमेत गरिरहेका छन् । 'हामी नयाँहरूले आफ्नै प्रतिद्वन्द्वीलाई भोट हालेर चुनाउ लडियो ।'- फेसबुकमा हाँसेको इमोजी राख्दै उम्मेदवार यदुकुमार गिरीले लेखेका छन् । रास्वपाको महाधिवेशनमा सहभागी हुन आएका प्रतिनिधिहरू पनि निर्वाचन प्रक्रियाबाट सन्तुष्ट देखिँदैनन् । उनीहरू मतदानका लागि गरिएको व्यवस्थापनमा कमजोरी भएको भन्दै आपत्ति जनाइरहेका छन् ।

अछामबाट महाधिवेशन प्रतिनिधिरहेका एकेन्द्रप्रसाद देवकोटाले व्यवस्थापनको कमजोरीका कारण आफूले चिन्दै नचिनेका उम्मेदवारहरूलाई जथाभावी भोट हालेर आएको बताए । '६४ जना खुलाबाट छ । ६४ जनामा हामी सबैलाई चिन्दैनौं नि त,' उनले भने- 'चिनेजतिका राम्रा-राम्रा सम्भावित व्यक्तिहरू जो छन्, तिनीहरूलाई भोट हालियो । नचिनेकोलाई घचाघच हालेर आएको हो ।'

मतदानस्थल बाहिर भेटिएका एक प्रतिनिधिले पार्टीमा 'राइट टु रिकल' को व्यवस्था भएको गर्व गरिए पनि मतदान कक्षमा वास्तविकता अर्कै देखिएको बताए । 'मतदातालाई आफूले योग्य ठानेको व्यक्तिलाई मात्र मत दिने स्वतन्त्रता छैन र अस्वीकार्य उम्मेदवारलाई समेत अनिवार्य मत हाल्न बाध्य पारिन्छ भने त्यो लोकतान्त्रिक अधिकार होइन,' उनले भने- 'बाध्यकारी प्रक्रिया हो ।'

अर्का महाधिवेशन प्रतिनिधिले पनि 'राइट टु रिकल' को आदर्श छाँट्ने र 'नो भोट' को अभियान चलाउने रास्वपाले महाधिवेशनमा मन नलागेका प्रतिनिधिलाई भोट हाल्न नपाउने व्यवस्था नगरेको भन्दै आपत्ति जनाए । उनले खुलातर्फको ६४ सिटमा क्लस्टर नछुट्याउँदा महाधिवेशन प्रतिनिधिलाई कुन क्लसटरबाट कति प्रतिनिधि निर्वाचित हुने भन्नेबारे नै अन्यौल देखिएको प्रतिक्रिया दिए ।

अर्का प्रतिनिधिले लोकतन्त्रको सौन्दर्य बाध्यतामा नहुने बताए । मतदातासँग मन परेको उम्मेदवारलाई भोट दिनेमात्रै नभएर मन नपरेको व्यक्तिलाई भोट नदिने अधिकारसमेत हुनुपर्ने बताए। 'अन्यथा राइट टु रिकल र आन्तरिक लोकतन्त्रका भाषणहरू केवल नारामै सीमित हुने छन्,' ती प्रतिनिधिले भने-'लोकतन्त्रमा मतको सम्मान हुनुपर्छ, मतदातामाथि आदेश होइन ।' उम्मेदवार र प्रतिनिधिहरूले महाधिवेशनको मतदान प्रक्रियाप्रति असन्तुष्टि जनाइरहँदा रास्वपाका एक नेताले मेसिनमा प्रविष्ट गर्ने प्राविधिकलाई उपलब्ध गराइएको नामावलीमै भद्रगोल भएको बताए । उनले मधेशी खुला, मधेशी महिला, थारू, थारू महिलालगायत विभिन्न क्लस्टरमा उम्मेदवारी दर्ताका भए पनि अन्तिम नामावली तयार गर्दा क्लस्टरहरू नछुट्याएरै भोटिङ मेसिनमा विवरण इन्ट्री गर्न दिइएको बताए ।

'६४ जनालाई खुलामै राखेर अन्तिम सूची प्राविधिकहरूलाई दिइयो । उम्मेदवारले कुन क्लस्टरमा उम्मेदवारी दिएका थिए भन्ने सरोकार प्राविधिकहरूलाई थिएन, उम्मेदवारहरूको नाम कुन आधारमा क्रमबद्ध गरिएको थियो भन्नेबारे पनि प्राविधिकहरुको चासोको विषय रहेन' ती नेताले भने-'पार्टीले जस्तो सूची दियो त्यस्तै इन्ट्री भोटिङ मेसिनको प्रणालीमा गरियो ।' सोही कारण महाधिवेशनमा उम्मेदवारी दर्ता गर्दाको नम्बर र भोटिङ मेसिनमा देखिएको क्रमसंख्या नमिलेकाले समस्या सिर्जना भएको गुनासो प्रतिनिधि र उम्मेदवारहरू गरिरहेका छन् ।

रास्वपाका एक नेताले उम्मेदवारी दर्ता व्यवस्थापनका क्रममा एउटै क्लस्टरका फाराम तीन फरक स्थानबाट संकलन गरिएकाले पनि समस्या भएको बताए । 'एउटै क्लस्टरको फारम तीन ठाउँबाट वितरण भएछ । त्यसले एउटै सिरियल नम्बर तीन-तीन पटक दोहोरिने अवस्था भयो, उनले भने, 'पछि ती सबै सूची एकीकृत गर्दा सुरुवाती क्रममा रहेको उम्मेदवार धेरै पछाडि पुग्ने अवस्था बन्यो । अहिले देखिएको समस्या त्यही हो ।' यो अवस्था अनुभवको कमी र निर्वाचन व्यवस्थापन प्रक्रियामा पर्याप्त समन्वय नहुँदाको परिणाम भएको ती नेताले बताए । रास्वपाले नयाँ कार्यसमिति चयन गर्न राम-लक्ष्मण भोटिङ मेसिन प्रयोग गरेको छ ।

रास्वपाका नेता सागर ढकालले पार्टी पदाधिकारीको चुनावमा 'नो भोट'को प्रावधान राखिनुपर्ने बताएका छन् । पहिलो चरणको निर्वाचनमा सम्भव नभए पनि पदाधिकारीको निर्वाचन सो प्रावधान राख्न माग गर्ने बताएका थिए ।

**सुकुम्वासीलाई**...

उनीहरूले बसिरहेको ठाउँबाट हटाएको दुई महिना बितिसक्दा पनि स्थायी बसोबासका लागि कुनै विकल्प नदिएकोमा सरकारप्रति असन्तुष्टि जनाएका छन् ।

काठमाडौंका विभिन्न स्थानका सुकुम्वासी बस्तीमा बसिरहेका सुकुम्वासीलाई सरकारले गत बैशाख १२ गतेदेखि हटाउन सुरु गरेको थियो । त्यतिबेला सरकारले १५ दिन अस्थायी सेल्टरमा राखिने र त्यसपछि ६० दिनभित्र स्थायी बसोबासको व्यवस्था गर्ने बताएको थियो । तर, दुई महिना बितिसक्दा स्थायी व्यवस्थापनका लागि पहल गरेको छैन । बरु असार ९ मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंले सूचना जारी गरेर असार १२ गतेभित्र होल्डिङ सेन्टर छोड्न भनेको छ । उनीहरूलाई २५ हजार रुपैयाँ लग्न र त्यसपछि आफैँ बसोबासको व्यवस्था गर्न सूचनामा उल्लेख गरिएको छ ।

त्यसलाई लिएर सुकुम्वासीले विरोध जनाएका हुन् । उनीहरू राखेको पाँच बुँदे मागमा सुकुम्वासी परिवारको लगत संकलन गर्न र प्रमाणीकरण गर्न माग गरेका छन् । त्यस्तै, जबर्जस्ती उठिबास लगाइएका परिवारलाई प्राथमिकतामा राखेर समस्या समाधान गर्न, स्थायी व्यवस्था नहुँदासम्म होल्डिङ सेन्टरमा पर्याप्त सेवा सुविधा सहित बस्ने व्यवस्था गर्न र उचित व्यवस्थापनको व्यवस्था गर्न माग गरेका छन् ।

उनीहरू आफ्ना माग पूरा नगरी विकल्पबिना होल्डिङ सेन्टरमा नहटाउन आग्रह गरेका छन् । स्थायी विकल्पबिना निकाल्न खोजिएमा पहिलेकै बसोबास स्थलमा फर्केर बस्ने उनीहरूले चेतावनी दिएका छन् ।

# रूपन्देही व्यापार संघमा स्वागत तथा परिचयात्मक कार्यक्रम




बुटवल । रुपन्देही व्यापार संघले नेपाल राष्ट्र बैंक भैरहवाकी निर्देशक नविना ढकाल तथा नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रहरी उपरीक्षक निशान थापालाई स्वागत तथा सम्मान गरेको छ ।

संघले बिहीबार आयोजना गरेको स्वागत तथा परिचयात्मक कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैंक भैरहवाकी निर्देशक ढकालले आगामी मौद्रिक नीतिमा नवप्रवर्तन तथा स्टार्टअप व्यवसायलाई विशेष प्राथमिकता दिइने संकेत गरिन् । व्यवसायीले बैंक तथा वित्तीय संस्थासँग कारोबार गर्दा उनीहरूको अधिकार संरक्षण हुनुपर्नेमा जोड दिँदै उनले व्यवसायीका समस्या समाधानका लागि राष्ट्र बैंक सधैं तयार रहेको बताइन् थियो । सहुलियतपूर्ण कर्जाको वितरणमा अनियमितता वा व्यवसायीलाई अनावश्यक दुःख दिने कार्य भए कारबाही गरिने निर्देशक ढकालले स्पष्ट पारिन् ।

यस्तै प्रहरी उपरीक्षक थापाले ट्राफिक व्यवस्थापन, शान्ति सुरक्षा तथा सडक दुर्घटना न्यूनीकरणका लागि योजनाबद्ध रूपमा काम भइरहेको बताए । मुख्य राजमार्गसँगै भित्री सडकहरूमा बढ्दो सवारी चाप र पार्किङ् व्यवस्थापनलाई व्यवस्थित बनाउन सवारी चालक, उद्योगी-व्यवसायी, स्थानीय सरकार, ट्राफिक प्रहरी तथा नागरिकबीच सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

कार्यक्रममा संघका अध्यक्ष प्रकाश ढकालले बैंकिङ तथा वित्तीय क्षेत्रमा देखिएका समस्या समाधान गर्दै व्यवसायीका लागि सहज वातावरण सिर्जना हुने गरी मौद्रिक नीति ल्याउनुपर्ने बताए । बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई व्यवसाय सञ्चालन गरिरहेका व्यवसायीलाई राहत पुग्ने गरी ब्याजदर निर्धारण तथा आवश्यक सहजीकरण गर्न उनले आग्रह गरे ।

अध्यक्ष ढकालले बुटवलको मुख्य व्यापारिक क्षेत्र अमरपथ, राममन्दिर लाइन र संगमपथमा पार्किङ व्यवस्थापन सुधार गर्नुपर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि सहकार्य गर्न ब्यापार संघ तयार रहेको बताए । उनले मुख्य राजमार्गमा बिग्रिएका सवारीसाधन, दुर्घटनापछि सडक तथा साइड बारमा हुने क्षतिले थप जोखिम बढाएको उल्लेख गर्दै सवारी चेकजाँच प्रक्रियालाई पनि सहज बनाउन आग्रह गरेका थिए । भारतबाट नेपाल भित्रिने पर्यटकलाई लक्षित गरी बेलहिया नाका क्षेत्रमा पर्याप्त र व्यवस्थित पार्किङ्को व्यवस्था गर्नसमेत उनले माग गरे ।

संघका वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीले आर्थिक वृद्धि, रोजगारी सिर्जना र दिगो विकासका लागि मौद्रिक नीतिमार्फत नवप्रवर्तन र स्टार्टअप व्यवसायलाई प्रोत्साहन गर्नुपर्ने बताए । युवाहरूलाई उनीहरूको क्षमता र रुचिअनुसार तालिम तथा सीप प्रदान गरी उद्यमशीलतामा जोड्ने कार्यक्रम ल्याउन राष्ट्र बैंकले पहल गर्नुपर्ने उनको धारणा थियो । बजार क्षेत्रमा सवारी साधनको गति नियन्त्रण, जेब्राक्रसमा पैदल यात्रुलाई प्राथमिकता तथा टिप्पर, माइक्रोबस, ई-रिक्सा र स्वरूप परिवर्तन गरिएका मोटरसाइकलमाथि निगरानी बढाइ आवश्यक कारबाही गर्नुपर्नेमा उनले जोड दिए ।

संघका प्रथम उपाध्यक्ष ऋषिराम पाण्डेको धन्यवाद ज्ञापन तथा महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा संघका पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको समेत उल्लेख्य सहभागिता रहेको थियो ।


## काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सुचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०३/१२

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई शीतगंगा १४ दब्यारमा घाटगद्दी गरी राखिएको साल जातको काठ ५०९६.७० क्यू. फि., अन्य जातको २१९०.२८ क्यू. फि. तथा साल दाउरा १३.०० चट्टा र अन्य दाउरा ५.५० चट्टा जे जस्तो अबस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा, डिभिजन वन कार्यालय अर्घाखाँचीमा र अर्घाखाँची जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ ।

**श्री देउराली सामुदायिक वन उपभोक्ता समूह**
शीतगंगा न.पा. १४ अर्घाखाँची



## सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि.को सकार गरेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

प्रकाशित मितिः २०८३ असार १२ गते शुक्रबार

सामूहिक विकास बचत तथा ऋण सहकारी संस्था लि. बाट प्रवाह गरिएको ऋणको असुली प्रक्रियाको क्रममा धितो सकार भई संस्थाको नाममा दर्ता रहेको तपशील बमोजिमको घर जग्गा तथा अन्य सम्पत्तिहरु सम्बन्धित ऋणीहरुले ऋणको सावाँ तथा व्याज भुक्तानी नगरेको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ तथा लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ बमोजिम धितो लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा समेत धितो लिलाम बिक्री हुन नसकेको हुँदा सहकारी ऐन २०७४ तथा सहकारी नियामावली २०७५ को परिच्छेद ८ को नियम ३५ अनुसार विभिन्न मितिमा धितो सकार गर्दै मिति २०८२/०३/१५ मा सकार सम्बन्धी सम्पूर्ण कार्यहरु सम्पन्न गरिएको छ ।

सहकारी ऐन २०७४ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३६ बमोजिमको हदम्याद पुरा भएको साथै राष्ट्रिय सहकारी नियमन प्राधिकरणले मिति २०८२/०२/०९ गते जारी गरेको नियामकीय मापदण्ड, २०८२ को बुँदा ७.२ अनुसार देहाय बमोजिमका सकार सम्पत्तिहरु जहाँ जुन अवस्था तथा परिमाणमा छन् सोही अवस्था तथा परिमाणमा गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिदेखि ७(सात दिन) भित्र इच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राखी तोकिए बमोजिम बोलपत्र फारम खरिद गरी आवश्यक कागजात सहित गोप्य बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील :**

लिलाम गर्नुपर्ने सम्पत्तिको विवरण

| क्र.सं | जिल्ला | स्थानीय तह | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल (विघा) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रुपन्देही | साविक गंगोलिया गा.वि.स (हाल तिलोत्तमा न.पा १७), कानपारा | ७/क | ६४८ | ०-१०-५ | जग्गा |
| २ | रुपन्देही | साविक बुटवल न.पा (हाल बुटवल उप.म.न.पा ११), कालिकानगर | ९ क | १०५६५ | ०-०-४.७५ | घरजग्गा |
| ३ | रुपन्देही | साविक टिकुलीगढ गा.वि.स (हाल तिलोत्तमा न.पा १४) | ७ क | ८६६ | ०-१३-१४ | जग्गा |

**शर्तहरु :**
१.बोलपत्र सम्बन्धी फारम संस्थाको मुख्य कार्यालयबाट रु.१०००।- (अक्षरुपीः एक हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।
२.बोलपत्र स्वीकृत भएको सोही दिन वा अर्को दिन भित्र आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरि संस्थाका शाइन रेसुङ्गा डेभलपमेन्ट वैंक लिमिटेड मा रहेको खाता नं ००३००१०००९८१३२००००१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।
३.बिक्री सम्बन्धी निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाइने छैन ।
४.लिलाम बिक्री गर्ने जग्गा स्थलगत रुपमाहेर्न चाहाने व्यक्ति/फर्म/कम्पनी वा संघ संस्थाले कार्यालय समयमा संस्थाको मुख्य कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।
५.दा.खा. र नामसारी गर्दा नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण करहरु बोलकबोलवाला (खरिदकर्ता) ले व्यहोर्नु पर्दछ ।
६.बोलपत्र स्वीकृत भएको मितिले १५ दिन भित्र बाँकी रकम बैंक दाखिला गरी नामसारी गरी लिनु पर्दछ । अन्यथा धरौटी रकम संस्थाले जफत गर्न सक्नेछ ।
७.उक्त म्यादभित्र प्राप्त बोलपत्रहरुमध्ये सबै भन्दा बढी मूल्य प्रस्तावगर्नेबोलपत्रदातालाई प्राथमिकता दिइनेछ । कुनै पनि बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
८.अन्यः

| बोलपत्र दाखिला गर्ने अन्तिम मितिः २०८३/०३/१८ गते दिउँसो २:३० बजेसम्म | |
|---|---|
| बोलपत्र खोल्ने मितिः २०८३/०३/१८ गते | समयःदिउँसो ३:०० बजे |
| स्थानः सामूहिक विकास साकोसको मुख्य कार्यालय, तिलोत्तमा न.पा. ३, शंकरनगर, रुपन्देही | फोन नंः ०७१-४१४३११, ४१४२८४, ९८५७०७६३११ |



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# कक्षा १२ को नतिजाप्रति ११ विद्यार्थी संगठनको आपत्ति



बुटवल । विभिन्न ११ विद्यार्थी संगठनहरूले छिटो नतिजा सार्वजनिक गर्ने नाममा विद्यार्थीको मेहनत र जीवनमाथि खेलवाड गरिएको भन्दै आपत्ति प्रकट गरेका छन् । बिहीबार संयुक्त प्रेस वक्तव्य प्रकाशित गरी विद्यार्थी संगठनहरूले कक्षा १२ को परीक्षाफलमा देखिएका त्रुटिप्रति सम्बन्धित निकायलाई सचेत गराएका छन् ।

'हालै कक्षा १२ को परीक्षाफलमा देखिएका त्रुटिहरू तथा केही समयअघि एसईईको नतिजामा व्याप्त कमजोरीहरू सार्वजनिक भएका छन् । परीक्षाफल समयमै प्रकाशन गर्ने शिक्षा मन्त्रालयको प्रयासलाई हामी सकारात्मक रूपमा लिन्छौं,' विज्ञप्तिमा उनीहरूले भनेका छन्-'तर, छिटो नतिजा प्रकाशन गर्ने नाममा गरिएका लापरबाही र गम्भीर त्रुटीले विद्यार्थीको मेहनत र जीवनमाथि खेलबाड गर्ने विषयलाई कुनै पनि अर्थमा सहि मान्न सकिँदैन ।' मूल्याङ्कन प्रक्रियामा पारदर्शिताको अभाव, पुनर्मूल्याङ्कन तथा रिटोटलिङको प्रभावकारी व्यवस्था नभएको कारण असन्तुष्ट विद्यार्थीहरूले काठमाडौँको माइतीघर मण्डलामा प्रदर्शन गर्ने निर्णय गरेका उनीहरूको भनाई छ । उक्त आन्दोलन न्यायोचित र आवश्यक रहेको ठहर गर्दै, संयुक्त विद्यार्थी संगठनको तर्फबाट प्रभावित विद्यार्थीको आवाजप्रति समर्थनका साथै ऐक्यबद्धता व्यक्त गरिएको छ । विद्यार्थी संगठनहरूले यस घटनाप्रति गम्भीर ध्यान दिई त्रुटिको समाधान, पुनर्मूल्याङ्कनको वैज्ञानिक व्यवस्था र भविष्यमा यस्तो पुनरावृत्ति नहुने गरी सुधारका कदम चाल्न समेत शिक्षा मन्त्रालयसँग माग गरेका छन् । शिक्षामन्त्री सस्मित पोखरेलको निर्देशनमा परीक्षा बोर्डले ४५ दिनमै परीक्षाफल प्रकाशित गरेको थियो । तर, राष्ट्रिय परीक्षा बोर्डले हतारमा परीक्षाफल प्रकाशित गर्दा गडबड भएको भन्दै कक्षा १२ का विद्यार्थीहरू असन्तुष्ट बनेका छन् ।

बिहीबार उनीहरूले काठमाडौँको माइतीघर मण्डलमा प्रदर्शनसमेत गरेका छन् । हतारमा परीक्षाफल प्रकाशित गर्दा धेरै विद्यार्थीको नतिजा बिग्रिएको उनीहरूको भनाइ छ । धेरै विद्यार्थीले पुनर्योग गर्नुपर्ने र मौका परीक्षा दिनुपर्ने अवस्था आएको उनीहरूले बताएका छन् ।

त्यस्तै, पुनर्योग र मौका परीक्षाका लागि पनि शुल्क धेरै राखेको विद्यार्थीको गुनासो छ । एउटा विषयको पुनर्योग गर्ने एक हजार रुपैयाँ शुल्क तोकिएको छ । कक्षा १२ को नतिजाप्रति असन्तुष्टि जनाउँदै विद्यार्थीहरूले काठमाडौंमा विरोध प्रदर्शन गरेका छन् । कक्षा १२ को नतिजा प्रकाशन र मूल्यांकन प्रक्रियामा त्रुटि भएको, पुनर्मूल्याङ्कन तथा रिटोटलिङको प्रभावकारी व्यवस्था नभएको भन्दै विद्यार्थीहरूले माइतीघरमा विरोध प्रदर्शन गरेका हुन् । प्रदर्शनको नेतृत्व रञ्जित कार्की, साहिल रिजाल, दिवस श्रेष्ठ, स्मृति खतिवडा, अंशु पन्त र साहेब साहलगायतका विद्यार्थीहरूले गरेका थिए ।

प्रदर्शनमा सहभागीहरुले '१२ वर्षको मेहनत खेरको जिम्मेवार को ? जवाफ दे, हाम्रो भविष्य बर्बाद भयो, न्याय खोज्न कहाँ जाउँ ?,मन्त्रीहरूको अहंकारको मूल्य विद्यार्थीहरूले किन चुकाउनुपर्छ ?' लगायतका प्लेकार्ड प्रदर्शन गरेका थिए ।

छिटो नतिजा सार्वजनिक गर्ने नाममा त्रुटि भएको र त्यसको असर आफूहरुलाई परेको भन्दै प्रदर्शन गरिएको विद्यार्थीहरुले जनाएका छन् । विद्यार्थीहरूले निष्पक्ष छानबिन, निःशुल्क रिटोटलिङ, उत्तरपुस्तिका पुनर्परीक्षण तथा मूल्याङ्कन प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्न माग गरेका छन् । कक्षा १२ को नतिजासम्बन्धी विवाद केवल अंकको विषय नभई हजारौँ विद्यार्थीको भविष्यसँग जोडिएको उनीहरुले जनाएका छन् । विद्यार्थीहरुले मागहरूको सुनुवाइ नभएसम्म थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी दिएका छन् ।

शिक्षा मन्त्रालयले भने कक्षा १२ को नतिजा प्रकाशनमा कुनै त्रुटि नभएको प्रष्टीकरण दिएको छ ।

# वैदेशिक रोजगारीबाट फर्केका नेपालीको घाँस र कफीखेती



गुल्मी । वैदेशिक रोजगारीका लागि खाडी मुलुक पुगेका कैयौँ युवाको सपना गाउँ छोडेसँगै विदेशमै सीमित हुने गरेको छ । तर गुल्मीको इस्मा गाउँपालिका-३ का युवा गोकर्ण नेपाली भने विदेशभन्दा स्वदेशको माटोमा ठूलो सम्भावना देख्दै आएका छन् । सात वर्षअघि दुबईको रोजगारी छाडेर गाउँ फर्किएका नेपाली यतिबेला घाँस खेतीसँगसँगै व्यावसायिक कफीखेती गर्न सुरु गरेका छन् ।

मेहिनत गर्ने हो भने खाडी मुलुकभन्दा नेपालका झाडीमै समेत राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिँदै आएका नेपालीले पछिल्लो समय घाँस खेतीसँगै कफीको नर्सरी स्थापना गरी बिरुवा उत्पादन गर्न सुरु गरेका छन् । घाँस उत्पादनबाट राम्रो आम्दानी भए पनि कफीखेतीबाट आफूलाई थप परिचित गराउने विश्वासका साथ उनले कफी नर्सरीलाई मुख्य व्यवसायका रूपमा विस्तार गर्न थालेका हुन् । नेपालीले यसपटक असार पहिलो सातासम्म नर्सरीबाट ६५ हजार कफीका बिरुवा बिक्री गरिसकेका छन् । ती बिरुवा बिक्रीबाट रु २२ लाखभन्दा बढीको कारोबार भइसकेको छ । उनले उत्पादन भएका कफीका बिरुवा पहिलो पटक जिल्ला बाहिर पठाएका छन् ।

उनले भने-"यसवर्ष चार ट्रक बिरुवा बाहिर पठाइसके । आगामी वर्ष २५ ट्रकभन्दा बढी बिरुवाबाहिर पठाउने लक्ष्य लिएको छु ।" अहिले उनको नर्सरीमा थप १५ हजार कफीका बिरुवा अझैँ तयारी अवस्थामा छन् ।

यसका अतिरिक्त घाँस, सुन्तला, कागती र टिमुरलगायतका गरी करिब एक लाख बिरुवा नर्सरीमा छन् । ती कफीका बिरुवा लमजुङ, सुर्खेत, कास्की, नुवाकोट, बाग्लुङ, पाल्पालगायत जिल्लामा पुगेका छन् । कृषि ज्ञान केन्द्र, सहकारी संस्था, कृषक समूह तथा व्यक्तिगत किसान उनको फममै पुगेर बिरुवा लैजाने गरेको पाइएको छ ।

नेपालीले करिब १० रोपनी क्षेत्रफलमा कफी नर्सरी विस्तार गरेका छन् । उनले आगामी वर्ष दुई लाख ५० हजारसम्म कफीका बिरुवा उत्पादन गर्ने लक्ष्य लिएका छन् । उनले हाल अरेबिका र कटौरा जातका कफीका बिरुवा उत्पादन गर्दै आएका छन् ।

कफीसँगै उनले १२० रोपनी क्षेत्रफलमा घाँस खेती गर्दै आएका छन् । तीमध्ये ४० रोपनी जग्गा भाडामा लिएका छन् । उनको जग्गामा यति बेला इपिल-इपिल, राइखन्यु, नेपियरलगायत ९५ प्रजातिका घाँस व्यावसायिक रूपमा ४० प्रजातिका घाँसका बिरुवा बिक्री गर्दै आएका छन् ।

नेपालीले 'ग्यालेक्सी कृषि तथा पशुपक्षी फम' दर्ता गरी विसं २०७६ देखि सुरुमा ८० हजार लगानीबाट सुरु गरेको घाँस खेतीको हालसम्म भौतिक संरचना निर्माण मात्र ६० लाख लगानी भइसकेको बताए ।

कफीखेती गर्ने कृषक घट्दै गएको अवस्थामा संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले आफू व्यावसायिक कफीखेतीमा लागेको उनले जनाए । नेपालमा कफीको माग बढ्दै गएको अवस्थामा आफूले पनि समयको आवश्यकता महसुस गरेर कफी नर्सरी विस्तार गरेको उनको भनाइ छ । फम सञ्चालनका लागि उनले लुम्बिनी प्रदेश सरकार, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, इस्मा गाउँपालिका, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम र डिभिजन वन कार्यालयलगायत विभिन्न निकायबाट सहयोग प्राप्त गर्दै आएका छन् । उनको फममा आवश्यकता बमोजिम २० जनासम्मले रोजगारी पाउँदै आएका छन् ।

व्यवसाय विस्तारका क्रमम उनले विशेष गरी सडक र सिँचाइको अभाव मुख्य समस्याका रूपमा रहेको बताए । "उत्पादन गरिएका बिरुवा ट्रकमा लोड गर्न टाढासम्म लैजानुपर्ने बाध्यता छ ।"-उनले भने । कृषि क्षेत्रमा लगानी र पूर्वाधार अभावका कारण धेरै मेहिनती किसानले चाहेर पनि व्यवसाय विस्तार गर्न नसकेको उनको भनाइ छ ।

विदेशबाट फर्किएर स्वदेशकै माटोमा पसिना बगाउँदै सफलता हासिल गर्दै आएका नेपालीले मेहिनत र लगनशीलता भए स्वदेशमै कृषि व्यवसायमार्फत् राम्रो आम्दानी गर्न सकिन्छ भन्ने सन्देश दिँदै आएका छन् ।

लुम्बिनीको बजेटमा असन्तुष्टी :

# एमाले सांसदले मागे तत्काल संसदीय दल बैठक



बुटवल । लुम्बिनी प्रदेशको बजेट विनियोजनमा प्रतिपक्षसहित सत्ता पक्षकै असन्तुष्टी छताछुल्ल भएपछि प्रदेशसभा बैठक बस्न नसकी अनिश्चितकालका लागि स्थगित भएको छ । बजेट विनियोजन जिल्लागत र निर्वाचन क्षेत्रगत हिसाबले चरम असन्तुलित र अन्यायपूर्ण भएको भन्दै विपक्षी दलका सांसदहरुले राखेको बजेट पुनर्लेखनको मागमा सत्तारुढ दल नेकपा एमालेका सांसदहरु समेत ऐक्यबद्धता जनाएपछि सरकार दबाबमा परेको छ । बजेटप्रति असन्तुष्टी जनाउँदै पुनर्लेखनको माग गर्ने सांसदहरुको संख्या बढ्दै गएपछि बैठक फेस गर्न नसक्ने देखेर बिहीबार बिहान ११ बजेका लागि डाकिएको प्रदेशसभा बैठकमा अर्को सूचना जारी नभएसम्मका लागि स्थगित भएको छ । प्रदेश सभा बैठक स्थगितको सूचना जारी भएपछि एमाले सांसदहरुले तत्काल संसदीय दलको बैठक राख्न माग गरेका छन् । आफ्नै पार्टी नेतृत्वको सरकारले ल्याएको बजेटमा नेकपा एमालेका बहुमत सांसदहरुले गम्भीर असन्तुष्टी जनाएका एमालेका एक सांसदले बताए ।

ती सांसदका अनुसार २९ सदस्यीय एमाले संसदीय दलका आधा बढी सांसद बजेट पुनर्लेखनको पक्षमा उभिएका छन् । 'नाम उल्लेख नगरौं, तर बहुमत सांसदहरु यो बजेट विनियोजनप्रति सहमत हुनुहुन्न, पुनर्लेखन बटम लाइन बनाएर जानुपर्छ भनिरहनुभएको छ,' उनले भने-'विपक्षी दल नेकपा, राजमो, राप्रपासँगै कांग्रेसका केही सांसद, सत्ता पक्षकै जनमत पार्टी, जसपा नेपालका सांसद पनि बजेट पुनर्लेखन हुनुपर्ने अडानमा हुनुहुन्छ ।'

एमाले सांसदहरुका अनुसार बजेटमा असन्तुष्टी जनाउँदै पुनर्लेखनको मागमा ऐक्यबद्धता जनाउनेमा एमाले संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ पनि उभिएका छन् । एमालेले बजेटको मुखमा चार जना मन्त्री परिवर्तन गरेको थियो । त्यसले पनि एमालेमा असन्तुष्टी बढाएको छ । मन्त्रीबाट बिदा भएका चारमन्त्री पनि बजेटप्रति असन्तुष्ट छन् ।

असन्तुष्ट सांसदहरुले मुख्यमन्त्री तथा मन्त्रीहरुले अन्य क्षेत्रको बजेट काटेर आफ्नो क्षेत्रमा पारेकाले जसरी पनि पुनःलेखनको विषयमा दलको बैठकबाट निर्णय गराउने रणनीतिमा लागेका छन् । संसदीय दलको बैठक नबसेको पनि धेरै समय भएको र अहिले बजेट विनियोजनमा देखिएको असन्तुलन र विभेदबारे छलफल गर्न जरुरी भएकाले बैठक डाक्न बहुमत सांसदहरुले माग गरेको एमालेका एक सांसदले बताए । संसदीय दलको बैठकबाट समस्या समाधान गर्ने सांसदहरुको माग मुख्यमन्त्रीले नमानेको दाबी असन्तुष्ट पक्षको छ । २५ प्रतिशत सांसदले माग गरेर पनि २४ घण्टामा बैठक नबसे उपनेताले बैठक बोलाउन सक्ने व्यवस्था रहेको ती प्रदेश सभा सदस्यले जानकारी दिए ।

प्रमुख विपक्षी दलका नेकपाका सांसद इन्द्रजित थारुले अहिलेको बजेट स्वीकारेर जाने अवस्था नरहेकाले मुख्यमन्त्री र आर्थिक मामिला मन्त्री बजेट पुनर्लेखनमा तयार नभएसम्म बजेटमाथि छलफल नहुने हाम्रो अडानका कारण प्रदेशसभा बैठक अनिश्चितकालका लागि स्थगित गरिनु गलत भएको बताए । बजेट निर्माणका क्रममा मन्त्रीहरुले सांसदहरुसँग योजना माग गरेका, तर ती योजनाहरुलाई बजेटले सम्बोधन नगरेकाले एमालेकै सांसदहरुले बजेट पुस्तिका पुनर्लेखन गर्नुपर्ने विपक्षी दलको मागमा समर्थन जनाएको थारुले बताए । 'मन्त्रीबाहेक एमाले र कांग्रेसका अधिकांश सांसदहरु बजेट विनियोजनप्रति असन्तुष्ट छन्,' थारुले भने-'हामी सबैको माग बजेट पुस्तिका पुनर्लेखन हुनुपर्छ भन्ने हो ।'

भौतिक पूर्वाधार विकास मन्त्री रत्न खत्री बाँकेले शहरी विकास मन्त्रालयलाई पत्र काटेर आफ्नो निर्वाचन क्षेत्रमा ५४ वटा योजनालाई बजेट विनियोजन गर्न अनधिकृत निर्देशन दिएको आरोप छ । मुख्यमन्त्री, पूर्व मुख्यमन्त्री, मन्त्री र ठूला नेताहरुका निर्वाचन क्षेत्रमा ८०-९० करोड बजेट विनियोजन भएको, तर अन्य सांसदहरुलाई अति न्यून बजेट विनियोजन गरेर भेदभाव गरिएको असन्तुष्ट सांसदहरुको गुनासो छ ।

प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३-८४ का लागि असार १ गते ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको वार्षिक बजेट प्रदेश सभामा प्रस्तुत गरेको थियो ।

प्रस्तुत बजेटमध्ये पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार रुपैयाँ, चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार रुपैयाँ विनियोजन गरिएको छ । वित्तीय व्यवस्थातर्फको रकमसमेत समावेश गरी कुल बजेट ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँ पुगेको हो । चालु आर्थिक वर्ष २०८२८३ मा प्रदेश सरकारले ३८ अर्ब ९१ करोड रुपैयाँको बजेट ल्याएको थियो ।

# शिक्षा सुधार आजको आवश्यकताः उपप्रमुख क्षेत्री



अर्घाखाँची । शीतगंगा नगरपालिकाकी उप-प्रमुख गीता भाट क्षेत्रीले सामुदायिक विद्यालयमा प्रदान गरिँदै आएको शिक्षाको गुणस्तर सुधार गर्न सबै पक्षको सक्रिय भूमिका आवश्यक रहेको बताएकी छन् । शीतगंगा नगरपालिकाको आयोजना तथा दलित चेतना विकास परिषद् अर्घाखाँचीको सहजीकरणमा सञ्चालित "उप-प्रमुख शैक्षिक सुधार कार्यक्रम" अन्तर्गत वडा नं. १३ स्थित रिकोट माध्यमिक विद्यालय र वडा नं. १४ स्थित प्रभाकर माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा बोल्दै उप-प्रमुख क्षेत्रीले सामुदायिक विद्यालयहरू पूर्वाधारका दृष्टिले सबल भए पनि शैक्षिक उपलब्धि अपेक्षाअनुसार हासिल हुन नसकेको उल्लेख गरिन् ।

उनले विद्यालयमा शिक्षकले प्रदान गर्ने शिक्षामात्र पर्याप्त नहुने भन्दै अभिभावकहरूलाई पनि आफ्ना बालबालिकाको सिकाइ, व्यवहार, रुचि र सोंचबारे नियमित जानकारी राख्न आग्रह गरिन् । शिक्षा सुधारका लागि शिक्षक, विद्यार्थी र अभिभावकबिचको सहकार्य अपरिहार्य रहेको बताउँदै उनले शिक्षाको विकाससँगै नगरको समग्र विकास सम्भव हुनेमा जोड दिइन् ।

कार्यक्रममा प्रमुख प्रशिक्षक तथा भगवती माध्यमिक विद्यालय, सन्धिखर्क-२ का प्रधानाध्यापक ध्रुवबहादुर केसीले शिक्षा कुनै पनि समाजको विकास, रूपान्तरण र समृद्धिको आधार भएको उल्लेख गर्दै गुणस्तरीय शिक्षाले मात्र सक्षम नागरिक निर्माण गर्न सक्ने बताए । उनले दिगो विकास, सामाजिक न्याय र आर्थिक समृद्धिका लागि गुणस्तरीय शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण रहेको धारणा व्यक्त गरे ।

त्यस्तै, सरस्वती माध्यमिक विद्यालय, शीतगंगा-२ का प्रधानाध्यापक तथा प्रशिक्षक खुम बेल्वासेले शिक्षा सुधार सामान्य विषय नभएको उल्लेख गर्दै यसका लागि विद्यालय, अभिभावक, समुदाय तथा सरकार सबै तहको समान जिम्मेवारी रहने बताए । उनले शिक्षाको रूपान्तरणमार्फत् समाजमा सकारात्मक परिवर्तन सम्भव हुने धारणा राखे ।

प्रशिक्षक राधा नेपालीले शिक्षा सुधार आजको अपरिहार्य आवश्यकता बनिसकेको बताउँदै यसको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाको प्रतिबद्धता आवश्यक रहेको बताइन् । कार्यक्रममा विभिन्न विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षा क्षेत्रका अगुवा, समाजसेवी तथा सरोकारवालाहरूले प्रविधिमैत्री शिक्षण प्रणालीको विकासमा जोड दिएका थिए । उनीहरूले प्रविधिको विस्तारसँगै बालबालिकाको सिकाइ शैलीमा परिवर्तन आएको उल्लेख गर्दै विद्यालय, शिक्षक, अभिभावक र सरकारले समयानुकूल शैक्षिक वातावरण निर्माण गर्नुपर्ने आवश्यकता औंल्याए ।

वक्ताहरूले सामुदायिक विद्यालयका विद्यार्थीहरूको शैक्षिक उपलब्धि निजी विद्यालयको तुलनामा अझैं पछाडि रहेको भन्दै आधुनिक प्रविधि, शैक्षिक सामग्री र शिक्षकको क्षमता अभिवृद्धिमार्फत् शिक्षण सिकाइ प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने धारणा राखेका थिए ।

शैक्षिक गुणस्तर सुधार गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रम वडा नं. २ स्थित सरस्वती माध्यमिक विद्यालय, वडा नं. ४ स्थित ज्योति माध्यमिक विद्यालय, वडा नं. ५ स्थित सुधा माध्यमिक विद्यालय, वडा नं. १३ स्थित रिकोट माध्यमिक विद्यालय तथा वडा नं. १४ स्थित प्रभाकर माध्यमिक विद्यालयलगायतका सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिएको नगरपालिकाले जनाएको छ । कार्यक्रमको सहजीकरण पत्रकार अनिल नेपालीले गरेका थिए ।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि
तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध
सुन चाँदीबाट बनेका गर-गहनाको
एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै
खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com